
बौद्ध मासिक

# धर्म चक्षु

वर्ष-१३, अङ्क-१, पूर्णाङ्क-७३, जेठ २०६७, बुद्ध संवत् २५५४, ने.सं. ११३० May/June 2010



# DHARMA CHAKSHU

मूल्य रु. २०/-

# हार्दिक बधाई तथा शुभकामना

हाम्रा सहयोगी मित्रहरु ***श्री तीर्थ श्रेष्ठ*** नेपाल *संगीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानको* गरिमामय *सदश्य-सचिव* पदमा नियुक्त हुनुभएको, ***श्री रमेशध्वज श्रेष्ठ*** *नेपाल प्रज्ञा प्रतिष्ठान प्राज्ञ परिषदको सदस्य* पदमा मनोनित हुनुभएको तथा ***श्री उत्तममान बुद्धाचार्य*** *लायन्स क्लब अफ पोखरा लेक सिटीको अध्यक्ष* पदमा निर्वाचित हुनुभएकामा खुशी व्यक्त गर्दै वहाँहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं। साथै वहाँहरुको सुख, शान्ति र समृद्धिको कामना गर्दै उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछौं।

कृष्णमान गुभाजू, मोहरिया टोल, पोखरा

सरोजरत्न शाक्य, तेर्सापट्टि, पोखरा

प्रकाश उदास, तेर्सापट्टि, पोखरा



बौद्ध मासिक

# धर्म चक्षु

# The Dharma Chakshu

(Buddhist Monthly)

POKHARA, NEPAL

धर्मशीला बुद्धविहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोनः ०६१-५२०५१७

वर्ष-१३, अङ्क-१, पूर्णाङ्क-७३, जेठ २०६७, बुद्ध संवत् २५५४, ने.सं. ११३० May/June 2010



प्रधान सम्पादक
**भिक्षु श्रद्धानन्द**
५२०५१७

प्रकाशक
**ज्ञानमाला संघ**

व्यवस्थापक
**अनागारिका कर्मशीला**
(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

सह-व्यवस्थापक
**युवा बौद्ध संघ**

काठमाडौं प्रतिनिधि
**सविता धाख्वा शाक्य**

लुम्बिनी प्रतिनिधि
**कविन्द्र बज्राचार्य**

सहयोगीहरू
**अञ्जली जोशी**

सम्पर्क कार्यालय
सम्पादक
**तिलकमान गुभाजू**
१४४, नयाँबजार, पोखरा-८
फोनः ५२०२४६
E-mail: dharmachakshu@gmail.com

मुद्रण
**शिव शंकर अफसेट प्रेस**
पृथ्वीचोक, पोखरा
फोनः ०६१-५२८०७३

**मूल्यः रू. २०।-**

## विषय-सूची

| | | |
|---|---|---|
| सम्पादकीय | | २ |
| रूसमा बौद्धहरूका बीचमा...... | हिरण्यलाल श्रेष्ठ | ३ |
| पर्यटक लोभ्याउन मात्र बुद्ध ...... | दिनेशराज पन्त | ५ |
| बुद्धको बोधि | आचार्य महायोगी श्रीधर राणा रिन्पोछे | ९ |
| अत्ता हि अत्तनो नाथो | कृष्ण भण्डारी "मुमुक्षु" | १३ |
| वैशाली कि नगरबधू उपन्यास...... | तिलक पराजुली | १५ |
| नेपालको पहिचान माथि आक्रमण | वामदेव पौड्याल | १९ |
| 'वसुधैव कुटुम्बकम'का बुद्धम्...... | तिलकप्रसाद पुन "पुर्जा" | २३ |
| बुधर्ममा चन्चु प्रवेश | तारा "पाखे" | २५ |
| बुद्धको उपदेश वैशाली राज्यमा | लामा हर्कजङ्ग घले | २८ |

**हाम्रो आफ्नो मौलिक धर्म, दर्शन लगायतका विशिष्टता विश्वसामु प्रचार प्रसार गरी नेपाल र नेपालीको गरिमा र प्रतिष्ठा उच्च बनाउनका लागि नेपाललाई बौद्ध देश घोषणा गर्नुपर्दछ। नेपाल बौद्ध देश हुनुपर्दछ।**

सम्पादकीय

# नयाँ संविधानमा भगवान बुद्धको स्थान

१. आज २५५४ औं बुद्ध जयन्तीको यस पावन दिवसमा हामी हाम्रा संपूर्ण पाठक, विज्ञापन दाता, शुभेच्छुक तथा बौद्ध उपासक उपासिकाहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्तगर्दछौं र देशमा शान्ति, सद्भाव फैलियोस र अमनचैन कायम होस भनेर मंगलमय कामना गर्दछौं ।.

२. शाक्यमुनि बुद्धद्वारा प्रतिपादित बुद्धधर्म मैत्री, करुणा र अहिंसामा आधारित छ । समाजमा शान्ति, सद्भाव र सहिष्णुता फैलाउनु यसको उद्देश्य हो । यसका शिक्षा, सिद्धान्त र आदर्श सत्य र तथ्यमा आधारित छन र विज्ञान सम्मत छन् । तैपनि यो धर्म संबन्धमा बराबर विवाद खडा गर्ने गरिएको छ । कहिले बुद्ध धर्मलाई हिन्दुधर्मको शाखा भनी प्रचार गरियो भने कहिले बुद्धलाई विष्णुको अवतार भन्न खोजियो । कहिले बुद्धको जन्मस्थलबारे भ्रम सिर्जना गर्ने प्रयास गरिएको छ भने कहिले उनको जन्म मिति संबन्धमा विवाद उत्पन्न गरिएको छ । त्यसको नमूना स्वरुप एक दुई लेखहरु हामीले बिगतका अंकमा छापेका थियौं भने यस अंकमा पनि त्यसलाई जारी राखेका छौं । यस्तोमा विद्वत समाज र संबन्धित विशेषज्ञहरुले गहिरो अध्ययन, अनुसन्धान र अन्वेषण गरी निर्क्योल निकाल्नु पर्ने र यस्तो विवादलाई संस्थागत रुपमा समाधान गर्नुपर्नेमा हामी संबन्धित सबैको ध्यान आकर्षित गर्न चाहन्छौं ।

३. देशमा संविधान लेख्नेकाम भैरहेकाले त्यस संबन्धमा एकदुई कुरा भन्नु सामयिक ठान्दछौं । नया संविधानले बुद्ध जन्मेको देशलाई बौद्ध देश घोषणा गर्नुपर्दछ भन्ने आवाज जेजसरी आउनु पर्ने हो, त्यो आएको छैन । अन्य देशहरुले आफूलाई बौद्ध देश घोषणा गरेकामा गर्वगर्ने हामी नेपालीले आफ्नो देशको लागि त्यो आवाज किन निकाल्न सकेका छैनौं ? यो प्रश्न धेरैको मनमा उत्पन्न भएको छ ।

४. छिमेकी भारत जो शुरुदेखि धर्मनिरपेक्ष राष्ट्र हो, त्यसले आफ्नो राष्ट्रिय झण्डामा धर्मचक्र, राष्ट्रिय मुद्रामा तीन टाउको जोडिएको सिंह अंकित गरेर बुद्धधर्म प्रति आफ्नो निकटता, श्रद्धा र राष्ट्रिय सम्मान व्यक्त गरेको छ । त्यो देखेर हामी खुशी पनि हुन्छौं । तर नेपालमा त्यसरी बौद्ध प्रतीक चिन्ह राख्नु पर्दछ भनेर हामीले आफ्नो आवाज बुलन्द गर्न सकेका छैनौं । हामी सोध्न चाहान्छौं - के त्यो भन्न नहुने कुरा हो ?

५. बौद्ध देश घोषणा गर्नका लागि अनुकूल वातावरण न बनी सकेको कुरा स्वीकारेर हामी के आग्रह गर्न चाहान्छौ भने बुद्ध जन्मेको देशले केही न केही बौद्ध प्रतीक चिन्ह अपनाओस् र नेपाललाई पारिभाषित गर्ने क्रममा "......**शान्ति नायक भगवान बुद्धको देश नेपाल**" भनेर परिभाषित गरियोस् । ताकि शान्ति प्रतिको हाम्रो चाहना र प्रतिबद्धता विश्व सामु राम्ररी छचल्कियोस् ।

भवतु सव्वं मंगलम् ।

# रूसमा बौद्धहरूका बीचमा
# नेपालको चिनो



हिरण्यलाल श्रेष्ठ

रुस बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुराष्ट्रिय राज्य हो र विविध गणतन्त्र, क्षेत्र, प्रान्त, जिल्ला, विशाल स्वशासित नगर (मास्को र सेन्टपिटर्सबर्ग) सहितका उनानब्बे एकाइहरु भएको महासङ्घ हो । इसाई, इस्लाम, यहुदी र बौद्ध धर्मलाई राज्यबाट नै मान्यता प्राप्त छ । चौधवटा स्वतन्त्र राज्य घोषणा भई अलग्गिइसकेर पनि रुसको आज संसारको सबभन्दा विशाल भूभाग भएको राज्यका रुपमा विशिष्ट स्थान छ । युरोपमा मात्र होइन, एसियाको पनि ठूलो भूभाग रुसी महासङ्घ अन्तर्गत छ ।

रुसी महासङ्घ अन्तर्गत कलमिकिया युरोपीय भागमा रहेको बौद्धहरुको बाहुल्य भएको गणराज्य हो । मङ्गोलिया र चीनसित सीमा जोडिएका रुसका बुरियातिया गणराज्य, तुभा गणराज्य, एगेन्स्की स्वाशासित क्षेत्र बौद्धहरुको बाहुल्य भएका क्षेत्रहरु हुन् । चिता, इर्कुस, अल्ताईजस्ता स्थानहरुमा पनि बौद्धहरुको सङ्ख्या उल्लेखनीय छ ।

रुसको उत्तरपूर्वी क्षेत्रमा मङ्गोल, चिनियाँ, जापानी, कोरियाली जातीय मूलका रुसी नागरिकहरु धेरैजसो बौद्धमार्गी छन् । मास्को र सेन्टपिटर्सबर्गजस्ता ठूला नगरहरुमा बौद्ध धर्म, विपश्यना ध्यान र वैकल्पिक उपचारपद्धतिप्रति आकर्षण देखिन्छ । बुरियाती, तुभियन, कलमिकीजस्ता जनजाति बौद्ध धर्म र संस्कृतिप्रति आस्थावान्, शान्तिप्रिय र आफ्नो पहिचानप्रति संवेदनशील छन् ।

रुस बौद्ध धर्मलाई राजकीय मान्यता दिने युरोपको पहिलो देश हो । सन् १७४१ मा सम्राज्ञी एलिजाबेथ पेट्रोभ्नाले बौद्ध धर्मलाई मान्यता प्रदान गरेको आधिकारिक पत्र बुरियातियाका बौद्धहरुलाई प्रदान गरिबक्सेको थियो । युरोपभरमा सेन्टपिटर्सबर्ग गुम्बा नै पहिलो बौद्ध गुम्बा हो जसको सन् १९०३ मा निर्माण प्रारम्भ गरिएको थियो । कलमिकियाका जनता युरोपमा पहिलो एकमात्र बौद्ध गणराज्य हाम्रो हो भनी गौरव गर्छन् । सन् १८७५ मा प्राच्यविद् मिनायेभले नेपालको भ्रमण गरी बौद्ध ग्रन्थहरु सङ्कलन गरेर युरोपमा परिचित गराउनुभएको उल्लेखनीय छ । सन् १९५६ मा नेपाल र रुसका बीचमा दौत्य सम्बन्ध गाँसिए लगत्तै रुसबाट नेपालमा आएको प्रतिनिधिमण्डल सोभियत बौद्ध प्रतिनिधिमण्डल नै हो । उक्त प्रतिनिधिमण्डलले नेपालमा आयोजित चौथो विश्व बौद्ध सम्मेलनमा भाग लिएको थियो । त्यसपछि धेरै पटक धेरै बौद्ध प्रतिनिधिमण्डलहरु आदानप्रदान भएका छन् ।

नेपाली र रुसी बौद्धहरुको बीचमा सम्बन्ध र मित्रता निकै पुरानो र घनिष्ठ रहेको एउटा प्रमाण नेपालबाट सातौं शताब्दीमा राजकुमारी भृकुटीले तिब्बतमा आफूसँगै दाइजो लगेका बुद्धमूर्तिहरुमध्ये तिब्बतबाट बुरियातिया लगेर आजसम्म पूजा गरिराखेको श्रीखण्डको एक बुद्धमूर्तिलाई लिन सकिन्छ । बुरियातिया गणराज्यअन्तर्गत इगितुई गुम्बामा राखिएको उक्त नेपालको कलाकृति जुन रुसी बौद्धहरुको आस्थाको प्रतीकका रुपमा प्रतिस्थापित छ, त्यसको दर्शन गर्ने अवसर मलाई जुन ७, २००६ मा प्राप्त भयो । त्यहाँ पुग्दा हामीलाई एमगल्यान लामा रिम्पोछेले बुद्धको जन्मस्थलबाट आएका पाहुना भनी हार्दिक रुपले स्वागत गर्नुभएको थियो । त्यहाँ काठमाडौं उपत्यकामा प्रयोग गर्ने पूजासामग्री (सिन्ह: मू र ज्वलान्हायकं) पनि साथै राखिएको पाएँ । नेपालको कलाकृति त्यति टाढा सुरक्षित सम्मानपूर्वक पूजा गरेर विहार निर्माण गरी राखिएको देख्दा अत्यन्तै खुसी लाग्यो ।

सोही दिन हामीले बुरियातियाको किसिङ्गा गई भरङ्गा खास्तीको दर्शन गऱ्यौं । नेपालको बौद्धनाथको आकृतिअनुरुप निर्माण गरिएको उक्त

चैत्यलाई उत्तरी बौद्धनाथ (खास्ती) भनिन्छ। त्यस क्षेत्रमा नेपालबाट भ्रमणमा जानुभएका छेस्यु कुसु डुक्पा लामाले सन् १९९१ मा शिलान्यास गर्नुभएको अमिताभ बुद्धको विशाल मूर्तिसहितको गुम्बाको निर्माण कार्य जारी रहेको हेर्‍यौं ।

त्यसअगाडि जुन ४, २००६ मा बुरियातिया गणराज्यको राजधानी उलानउडु नजिकै रहेको इभोलगिन्स्की गुम्बामा पुग्दा रुसभरिमा सबभन्दा वरिष्ठ राजकीय मान्यताप्राप्त लामा पण्डित हम्बो लामा डम्बा आयुसेभले हामीलाई स्वागत गर्नुभएको थियो । त्यहाँ नेपालका पौभा (थाङ्का), मूर्ति मात्र होइन, नेपालका बौद्ध प्रतिनिधिमण्डलका नेता भिक्षु अमृतानन्दले सन् १९५९ मा रुसको भ्रमण गर्दाको फोटो पनि सजाएर राखिएको पाएँ । भिक्षु अमृतानन्दले त्यहाँ सम्बोधन गर्दा भन्नुभएको थियो- "रुसी बौद्धहरु नेपालका आफन्त हुन्, किनभने बुद्ध नेपालमा जन्मेका हुन् र बौद्ध धर्म सातौं शताब्दीमा तिब्बत भएर बुरियातियामा पुग्यो र उक्त धर्मलाई आज पनि तपाईहरुले अनुसरण गर्नुभएको छ ।"

उलानउडुको सुखावती विहारमा धेरै बुद्धमूर्ति र पौभाहरु पाटनबाट यहाँ ल्याएर सजाइएका रहेछन् । हामीलाई उपहारका रुपमा प्रदान गरिएको सप्ताक्षर लिपि नेपालको लिपि हो भन्यौं । उहाँहरुले "बौद्ध धर्मको प्राचीन मन्त्र यसै लिपिमा शताब्दियौंदेखि हामीले प्रयोग गर्दै आएका छौं । यो नेपालको लिपि भन्ने हामीलाई थाहा थिएन । आज यो लिपिमा लेखिएको मन्त्र नेपालको भएको थाहा पाउँदा दुई देशको धार्मिक र सांस्कृतिक सम्बन्धको प्रतीकका रुपमा विशेष महत्व देख्यौं" भन्नुभयो । सेन्टपिटर्सबर्गको बौद्ध गुम्वा, रुसका कलमिकिया, तुभा, बुरियातिया र एगेन्स्कीका सबै गुम्वाहरुमा रञ्जना लिपि प्रयोग गरिएको देखें । कहीं संयुक्ताक्षर र कहीं मानेमा 'ओममानेपेमेहुम्' मन्त्र नेपालकै लिपिमा लेखिएको र माने घुमाउने प्रचलन देख्यौं । कतिपय चैत्यहरुको चारै दिशामा नेपालकै लिपिको संयुक्ताक्षर अङ्कित गरिराखेको पायौं ।

बुरियातिया र एगेन्स्कीको राष्ट्रिय निसाना र झन्डामा स्वयम्भू अङ्कित गरिएको देख्यौं । त्यहाँको आधिकारिक प्रकाशनमा चन्द्र, सूर्य र त्रिशूल एकपछि अर्को माथि सजाएर राखिएको समष्टिमा स्वयम्भू चैत्यको आकृतिजस्तो देखिने चिनोलाई 'स्वयम्भू' नै भनी आधिकारिक रुपमा उल्लेख गरिएको रहेछ । खोज्दै गयौं भने रुसका बौद्धहरुका बीचमा नेपालका अन्य चिनोहरु पनि धेरै फेला पर्न सक्छन् । नेपाल र रुसका जनताका बीचमा खास गरीकन बौद्धहरुका बीच धार्मिक र सांस्कृतिक सम्वन्ध पुरानो र धेरै समानता भएको छर्लङ्ग हुन्छ । ◊◊◊





*शाक्यमुनि भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको उपलक्ष्यमा देशमा हत्या, हिंसाको अन्त होस् र नेपालीहरुले सुख शान्ति पूर्वक जीवनयापन गर्न पाओस्, मङ्गलमय शुभकामना ।*

का. मन बहादुर गुरुङ

अध्यक्ष तथा

**बौद्ध अर्घौ सदन परिवार**

गौतम बुद्ध मार्ग, पोखरा-१०

# पर्यटक लोभ्याउन मात्र बुद्ध सम्झिरहेका छौं

दिनेशराज पन्त

*(दिनेशराज पन्तले बुद्धको जन्म हामीले मान्दै आएको भन्दा एक सय ८८ वर्ष पहिले नै भएको दावी यसै साता सञ्चार माध्यमबाट सार्वजनिक गर्नुभएको छ । इतिहासविद् पिता स्व. नयराज पन्तको समेत सहकार्यमा उतिबेलै आफूले गरेका कामहरुको आधारमा यस्तो तथ्य फेलापरेको उहाँको भनाइ छ । बाल्मीकि क्याम्पसका प्राध्यापक इतिहासविद् पन्तसँग बुद्ध जन्ममै केन्द्रित रहेर गिरीश गिरीले गत वर्ष गरेको कुराकानी सान्दर्भिक भएको ले हामीले सो कुराकानीलाई यहाँ प्रस्तुत गरेका छौं)*

✍ बुद्ध जन्मसम्बन्धी नयाँ आएको कुरा के हो ?

☛ ०३४ सालमा बुवा र म मिलेर बौद्धहरुको 'कालचक्र' पुस्तकमा ज्योतिष भागको सम्पादन गरेका थियौं । त्यसलाई महेन्द्र संस्कृत विश्वविद्यालयले ०४३ सालमा प्रकाशित समेत गरेको थियो । ०३५ सालमा तत्कालीन लुम्बिनी विकास समितिले अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । त्यतिबेला अध्यक्ष लोकदर्शन वज्राचार्यले मलाई कार्यपत्र पेश गर्न भनेका थिए । अघिल्लो वर्षको कालचक्र अध्ययनकै क्रममा फेला परेका तथ्य समात्दै खोजी गर्दा बुद्धको जन्म हामीले मान्दै आएको मितिभन्दा एक सय ८८ वर्ष पहिले भएको फेला परेको थियो । त्यो मैले उतिबेलै पेश गरेको हूँ । तर यो कुरालाई कसैले गम्भीरतापूर्वक लिएनन् । दुई दिनअघि राष्ट्रिय समाचार समितिसँग कुरा गर्दा मैले यसै कुरालाई उठाएँ । यतिबेला भने सञ्चार माध्यमहरुले प्रकाशित गरेकोले कुरा बाहिर आयो ।

✍ बुद्ध यति पुरानो भएको आधार के भेटिए त ?

☛ त्यसो त 'हेवज्र प्रकाश' भन्ने अर्को कृतिले पनि हामीले मान्दै आएको भन्दा पाँच वर्ष पहिले जन्म भएको भनेर लेखेको छ । तर थुप्रै भाषामा प्रकाशित भएको 'कालचक्र' सबैभन्दा प्रामाणिक देखिन्छ । उक्त कृतिमा लेखिएको संस्कृतको नेपाली उतार यस्तो छ-'बुद्धले धर्म प्रचार गर्नथालेको छ सय वर्षपछि सम्वल देशमा ठूलो कृति भएका मञ्जुश्री प्रकट हुनेछन् । यसको आठ सय वर्षपछि मह देशमा म्लेच्छ धर्म चल्नेछ ।'

कालचक्रकै टीकामा कालचक्रानुसारिक गणित भन्ने किताब पनि पाइएको छ । त्यसले 'सक सम्वत् १०९१' भनेर लेखेको छ । त्यो बेला तीन सय ६४ लाई शुद्ध वर्ष र चार सय ६८ लाई अशुद्ध मास भनिएको छ । कालचक्रकै 'विमल प्रभा' भन्ने अर्को प्रसिद्ध टीका पनि छ । त्यसमा 'म्लेच्छ वर्षबाट एक सय ८२ घटाउनु शेष वर्ष गण हुन्छ ' भनिएको छ । अब यो शुद्ध वर्ष तीन सय ६४ मा एक सय ८२ जोड्दा पाँच सय ४६ म्लेच्छ वर्षको संख्या हुन आउँछ । अब १०९१ मा पाँच सय ४६ घटाउदा हुन आउने पाँच सय ४५ साकेदेखि म्लेच्छ वर्ष हुन्छ । साकेमा एक सय ३५ जोड्दा विक्रम सम्वत हुन्छ । यसरी म्लेच्छ वर्ष र एक सय ३५ जोड्दा हुन आउने योग अर्थात् छ सय ८० नै म्लेच्छ वर्ष र विक्रम सम्वत्को अन्तर देखियो ।

माथिको श्लोकमा बुद्धले धर्म प्रचार गर्न थालेको १४ सय वर्षपछि म्लेच्छ वर्ष चलेको लेखिएकै छ । यसरी १४ सयबाट छ सय ८० घटाएपछि सात सय २० विक्रमपूर्वमा बुद्धले धर्म प्रचार गर्न थालेको देखिन्छ । उनले ३५ वर्षको उमेरमा धर्म प्रचार गर्न थालेका र ८० वर्षको उमेरमा निर्वाण प्राप्त गरेका हुन् । **यो सबै गर्दा बुद्धको जन्म कालचक्र अनुसार विक्रम पूर्व, सात सय ५५ मा भयो । सात सय ५५ र अहिलेको विक्रम सम्वत २०६६ जोड्दा हुन आउने २८ सय २१ वर्ष अघि नै बुद्धको जन्म भएको हो । यस अनुसार हामीले अहिले मान्दै आएको भन्दा बुद्धको जन्म एक सय ८८ वर्ष पहिले भएको देखिन्छ ।**

✍ अहिले चलनचल्तीको जन्म मितिले चाहिँ टेकेको आधार के हो ?

☛ कालचक्र, मैथिलीमा समेत सारिएको लिखत र

पात्रोका कुरा पक्का हुन् । अरु कुरा अहिल्यै उल्लेख नगरिहालौँ ।

✍ अहिले मान्दै आएको वैशाख शुक्ल पूर्णिमालाई पनि जन्मदिन होइन भनिँदैछ नि !

☛ हामीकहाँ पाञ्चाङ छापिन थालेको विक्रम सम्वत १९४१ देखि हो । त्यसअघि ज्योतिषले घर घरमा लेखेर राख्ने मात्र गरेका हुन् । त्यो बेलादेखि र त्यसअघिका पात्रोंमा समेत विजया दशमीमै बुद्ध जयन्तीसमेत लेखिने गरिन्थ्यो । यो वैशाख शुक्ल पूर्णिमा भर्खरै आएको हो । पछि पनि हाम्रा पात्रोहरुमा वैशाख शुक्ल पूर्णिमामा गौतमबुद्ध जयन्ती र आश्विन शुक्ल पूर्णिमामा बुद्ध जयन्ती लेखिदै आएको हो । यी सबै कुरा राखेर मैले कार्यपत्र लेखें र त्यो ०३६ सालमा छापियो पनि । त्यही कार्यपत्रलाई परिमार्जन गरेर साझा प्रकाशनबाट मेरो कृत्ति 'बुद्धदेखि पहलमानसम्म' प्रकाशित छ । मेरो दाइ महेशराजले जर्मनीको एक विश्वविद्यालयबाट प्रकाशित पुस्तकमा समेत यो कुरा उल्लेख गरेका हुन् । यस्ता कुराहरुमा खोजी तथा अनुसन्धानबाट अझ वढी तथ्यको नजिक पुग्दै जाने मात्र हो । यही हो भनेर अन्तिम निर्णयमा पुगिहाल्न मिल्दैन ।

✍ यस्ता खोजहरुलाई लामो समयसम्म कार्यान्वयन त परको कुरा चर्चामा समेत नल्याइनुको कारण चाहिँ के हो ?

☛ नेपालको दूर्भाग्य । हाम्रो काम त खुरु-खुरु गर्दै जाने हो । अब यसलाई चर्चामा ल्याउने अथवा कार्यान्वयन गर्ने भन्ने सम्वन्धित निकायका कुरा हुन् । सोधिहाल्नु भएकाले एउटा कुरा भनि हालौँ, हामीकहा बुद्धको खोजी अनुसन्धान गर्ने भन्दा बुद्धको नामबाट टुरिष्ट भित्र्याउनेतर्फ बढी जोड दिइएको छ ।

अब बुद्धको जन्म एक सय ८८ वर्ष पहिले भएको हो भन्ने कुराको अर्थ पनि त हाम्रो इतिहास झण्डै दुई सय वर्ष पुरानो बन्न गएको हो । यसलाई बुझ्ने कस्ले ?

✍ अनुसन्धानलाई कार्यान्वयन गराउनकै निम्ति यो यो फाइदा हुन्छ भनेर बताइदिनु पर्ने होला नि ?

☛ भारतका कसैले सिनेमा बनाएर अथवा किताव लेखेर बुद्ध आफूकहाँ जन्मेको भन्ने हावादारी तर्क दिने वित्तिकै सडकबाट त्यसको जवाफ दिने प्रवृत्ति छ । त्यसले के उपलब्धि भइरहेको छ ? ३७ सालताका म 'गोरखाको इतिहास' निम्ति परराष्ट्र मन्त्रालयमा कागजपत्र छन् कि भनेर खोज्दै पुगेको थिएँ । त्यहा धेरै दिन लगाएर खोज्दा आफूलाई चाहिएको भन्दा बुद्धसम्बन्धी कागजातहरु असाध्यै धेरै पाएको थिएँ । राणाकालदेखि फुजीगुरुजस्ता जापानीहरुले लुम्बिनी भ्रमण गरेका छन् । अरु पनि धेरै महत्वपूर्ण विदेशीका भ्रमणहरु भएका छन् । ती को थिए, उनीहरुले त्यहाँ के फेला पारे, फर्किएर गएर के लेखेका वा भनेका छन् जस्ता कुराहरुको खोजी गर्ने हो भने लुम्बिनीको महत्व निकै बढ्नेछ । यो काम आजसम्म कसैले गरेको छैन । परराष्ट्रमा भएका डकुमेन्टहरुकै मात्र संकलन छापेर राख्यो भने पनि धेरै महत्वपूर्ण काम हुन्छ । उसै पनि त्यतिबेला सिंहदरवार आगलागीबाट बचेका यस्ता महत्वपूर्ण कागजातहरु नोक्सान हुने संभावना अत्यधिक हुन्छ ।

बुद्ध हामीकहाँ जन्मेका हुन् भन्ने कुरालाई नकार्ने भारतीय गलत प्रचारबाजीबाट तर्सनु पर्ने कुनै जरुरी छैन । भारतकै बौद्धिकहरु पनि झुठा तथ्यलाई मान्दैनन् । केहि वर्षअघि उडिसाका एकजनाले 'द रियल वर्थप्लेस अफ लर्ड बुद्ध' भनेर उडिसामा जन्मेका हुन् भन्दै मोटै किताब निकाले । त्यो फटाहा कुरो थियो । स्वयं भारतीय विद्वानहरूले त्यसलाई नकारिदिए । हामी यस्ता कुराबाट तर्सनै पर्दैन । यस्ता कुराको जवाफ दिने नै ठोस अध्ययन र अनुसन्धानका निश्कर्ष अगाडि सारिदिएर हो ।

बुद्धकालको सामाजिक व्यवस्था, धार्मिक, राजनैतिक यी सबै कुराको खोजी गर्ने दायित्व हामी जन्मको गौरव लिन खोज्नेहरु मै छ । अरु के कुरा, त्यत्रो अशोक स्तम्भ नै हामीकहा छ । अशोक स्तम्भको माथिल्लो भागमा लेखिएका विभिन्न लिपिहरुलाई राम्ररी पढ्ने हो भने पनि लुम्बिनीको इतिहासमा निकै प्रकाश पार्न सकिन्छ । त्यसैमा लेखिएको कर्णाली प्रदेशका राजा रिपु मल्लको अभिलेखबाट विक्रमको चौधौं सताब्दीसम्म लुम्बिनी बुद्धको

जन्मस्थल हो भन्ने कुरा प्रसिद्ध थियो भन्ने थाहा पाइन्छ । त्यहाँ भएका अरु लिपिको पनि अध्ययन हुनुपर्‍यो । अशोक स्तम्भलाई मात्रै राम्ररी पढेर उल्लेख गर्ने हो भने दुइवटा पुस्तक तयार पार्न सकिन्छ ।

बौद्ध विश्वविद्यालय चाहिन्छ भनेर मागेको त्यत्रो भयो । खै अझै खुलेको ? कसैले चाख लिएको छैन । यस्तो कुराले त बाहिरि विश्वमा राम्रो सन्देश जाँदैन । जे कुरामा पनि हाटहुट गर्ने प्रवृति हामीकहाँ विकास भइरहेको छ । हाम्रो यही कमजोरी बुझेर त विदेशीले हेप्ने हो नि ! नेपाल अंग्रेज युद्ध हुँदा अंग्रेजले बुटवल मागेका थिए । भिमसेन थापाले छाडेनन् । त्यतिबेला छोड्या भए आज बुद्ध जन्मेको ठाउ भन्ने आधार हामीसँग रहन्थेन । अब यसलाई अनुसन्धान गर्ने दायित्व हाम्रै हो । विश्वका मान्छेले हामीसँग अपेक्षा गरेका छन् । तर हामी त्यतातिर गइरहेका छैनौं ।

✍ अंग्रेजले बुद्ध जन्मस्थल भन्ने जानेरै मागेका हुन् र ?

☛ होइन, त्यो भइदिए कुरो अर्कै हुन सक्थ्यो । त्यो मुसलमानी नबाबहरुको क्षेत्र थियो । उनीहरु जग्गाधनी र सेन वंशीय राजाहरु मोही जस्ता थिए । पृथ्वीनारायण शाहले एकीकरण गर्दा पनि लगभग उस्तै अवस्था हो । पछि अंग्रेजहरुले नबाबका ठाउँ लिदै आएकाले माग गरेको हो र भिमसेनले अडान राखेका हुन् ।

✍ बुद्ध जन्मस्थललाई लिएर किन विवाद भएको होला ?

☛ यसमा मूल कुरो त हाम्रो कमजोरीलाई टेकेर अरुले फाइदा उठाउन खोजेको मात्र हो । जहाँसम्म लुम्बिनीको कुरा छ, शिलालेख भएको स्थान अन्यत्र कतै नभएको अवस्थामा त्यसलाई चुनौती दिन गाह्रै पर्छ ।

हेर्नुस्, बुद्ध संसारभर मानिआएका देवता हुन् । फरक फरक मुलुकमा आफ्नै जस्तो अनुहार बनाउँदा बनाउँदै विश्वमै बुद्ध सबैभन्दा बढी अनुहार भएका देउता भइसके । आ-आफ्नो संस्कृतिसँग जोडेर वर्णन गर्दा गर्दै अनेक मुलुकले उनका अनेक कथा बनासकेका छन् । यो स्वाभाविक कुरा हो । हामी आफूलाई मनपरेका मान्छेलाई त आफू अनुकूल वर्णन गर्छौं भने बुद्ध त संसारभर मानिएका देउता हुन् । अरुले बुद्ध मेरो भन्छन् भने पनि ती सबैलाई समेटेर हामीले नै पुस्तक निकाल्ने पहल गर्नुपर्छ । प्रमाणका निम्ति त हामीसँग अकाट्य तथ्यहरु छन् । हामीले तिनै कुरालाई जिम्मेवारीपूर्वक अनुसन्धान गर्नुपर्छ भन्ने मात्र मेरो तर्क हो ।

✍ कतिपय त बुद्ध थारु हुन् पनि भन्छन् नि ?

☛ मैले त्यता अध्ययन गरेको छैन । कोही शाक्य भन्छन् कोही थारु भन्छन् । तर यस्ता तर्कहरुलाई सर्सर्ती पढ्दा अनुसन्धानभन्दा पनि आग्रह बढी देखिन्छ । मेरो बुवाले श्लोक हालेर एउटा कविता बनाउनुभएको थियो । त्यसमा धेरै पढेर थोरै लेख्नु पर्छ भन्ने भाव थियो । यहाँ त दुई पेज पढेर दुई सय पेज लेख्नेहरु छन् । थारु हुन् भनेर लेख्ने पनि एकजना पूर्व महान्यायाधिवक्ता नै हुन् । उहाँको भनाइ हल्का हो भनेर कसरी भनौं ? तर, त्यस्ता अनुसन्धानले कुनै पनि कुराको एउटा पाटो मात्र होइन त्यो कुराको सबै पक्षको जवाफ समेटेको हुनुपर्छ ।

--000--


२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा देशमा सुख र शान्ति छाओस् सबै सुखी, समृद्धि र आरोग्य होउन् यही शुभकामना छ ।

**बौद्ध उपासिका संघ परिवार**

धर्मशीला बुद्ध विहार

पोखरा





शान्तिका अग्रदूत भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् संपूर्ण नेपालीहरु सुख र शान्तिपूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस ।



# विश्वशान्ति स्तूप समिति परिवार

मीन थुम्की, पुम्दीभुम्दी गाविस, कास्की, पोखरा

# हार्दिक शुभकामना



२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा देशमा सुख र शान्ति छाओस् सबै सुखी, समृद्धि र आरोग्य होउन् । यही शुभकामना छ ।

**विक्रम उदास**

**अध्यक्ष ज्ञानमाला संघ**

# धर्मशीला बुद्ध विहार पोखरा

# बुद्धको बोधि

– आचार्य महायोगी श्रीधर राणा रिन्पोछे

देवता र मनुष्यका शास्ता (गुरु), देवातिदेव, योगीहरुका योगी (बुद्ध) लाई विनम्रतापूर्वक कुसुम चढाउँदै नम्रताका साथ बुद्धधर्मसँग सम्बन्धित यो अनुक्रम शुरु गर्दछु।

नेपाल बुद्ध जन्मेको भूमि हो भने भारतबाट वाहिर सर्वप्रथम बुद्ध धर्म फैलेको देश पनि यही नै हो। बुद्धकै पालामा थुप्रै संख्यामा शाक्यहरु बौद्ध बनेका थिए। तैपनि, अल्पसंख्यक हिमाली जनजातिलाई छोडेर, बहुसंख्यक नेपाली र जन्मजात बौद्ध मानिएकाहरु समेतले पनि बुद्ध र बुद्ध धर्म दुवैको विषयमा धेरै कम मात्र जान्दछन्।

अधिकांश अबौद्ध नेपालीहरुका निमित्त बुद्ध-पुराण (बुद्धका कथाहरु) अबौद्ध संस्कृतिबाट आएका मिथकहरुमा आधारित छन्। त्यसकारण बुद्ध विष्णुको एक अवतार बन्दछन् र बुद्धको बारे थाहा हुने पनि त्यति मात्रै हो। बुद्ध धर्म दावाग्नि झैं सात समुद्र पारिसम्म फैलिरहेको र संसारभरि नै बौद्धिक जमातहरुको चर्चाको विषय बनेको यो युग र कालखण्डमा नेपाली बौद्धिक वर्गहरु बुद्ध लुम्बिनीमा जन्मेका थिए भन्दै लटर पटर बोल्दाबोल्दैमा उनीहरुको बुद्ध धर्मसम्बन्धी ज्ञान सुकिसक्छ। उता बढी कट्टरपन्थीहरुले भने अन्य प्रसिद्ध हिन्दू योगीहअरुले बुद्धको विषयमा के भनेका छन् त्यसबाट जोडजाड गरेर भन्न खोज्छन्, जब कि अधिकांश त्यस्ता कथाहरु पूरै बनावटी र ऐतिहासिक रुपमा फितला एवं संसारको कुनै पनि स्वरुपको बुद्ध धर्मका निमित्त पराया हुन्छन्।

त्यसैले बग्गीको अगाडि घोडा राख्नुपर्छ भने झैं पहिले बुद्ध धर्मभित्रै बताइए अनुसार बुद्ध को थिए ? या के थिए ? अथवा बुद्ध भनेकै के हो त ? यसको कथा तीन असंख्य कल्प अघिसम्म जान्छ। त्यसबेला एकजना सबै किसिमका ऋद्धि सिद्धि भएका शक्तिशाली योगी थिए जसको नाम 'सुमेध' भिक्षु थियो। यस्तो बताइएको छ कि त्यस्ता शक्तिशाली ऋद्धि सिद्धि युक्त योगी भएर पनि उनले त्यो बेलाका बुद्ध दीपंकरको सामु 'म बुद्ध बनूँ' भनेर संकल्प गरे। बुद्ध बन्ने कुराको शुरुआत त्यहाँदेखि भएको थियो।

यो कुरा शाक्यमुनि बुद्ध स्वयंले बताएको भनेर त्रिपिटक अन्तर्गत नै मानिएको जातक कथामा उल्लेख गरिएको पाइन्छ। जातक कथा भनेका बुद्धले आफै बताएका उहाँका पहिलेका जन्महरु सम्बन्धी कथाका संग्रह हुन्।

अनि भिक्षु सुमेधले तीन असंख्य कल्पसम्म काश्यप बुद्ध लगायतका विभिन्न बुद्धहरुको समेत निर्देशनमा साधनाहरु गर्दा गर्दा (यस्तो अभ्यासलाई 'बोधिचर्या' भनिन्छ) अन्तमा बुद्ध बने। हामीले यो कथालाई केवल मिथकमात्र माने पनि या वास्तविक माने पनि बुद्ध धर्मभित्र भएको कुरा यही हो र बुद्ध को हो र के हो भन्ने बारे बौद्ध संस्कृतिको विषयमा पर्याप्त मात्रामा बोल्छ। यसलाई केवल मिथक मात्र मानिये भने पनि बुद्धको विषयमा अबौद्धहरुले बताइने मिथकको तुलनामा यो बौद्धहरुले बताइने मिथक हो। यो मिथक होस् या नहोस्, तर बौद्धहरुका निमित्त बुद्ध र बुद्ध धर्मको विषयमा यसले धेरै बताउँछ।

यो कथाले नै बताउँछ कि बुद्ध एक प्राणी (जसलाई बुद्ध धर्मभित्र 'सत्व' भनिन्छ) हुन् र आध्यात्मिक विकासको सर्वोच्च शिखर नै हुन् किन कि बुद्धताको यात्रा शुरु गर्दाखेरि नै उनी एक शक्तिशाली योगी थिए। त्यसैले नै उनी योगीहरुमा सर्वश्रेष्ठ हुन्। फेरि उनी कुनै 'ईश्वर' या ईश्वरको अवतार पनि होइनन् बरु एक मानव हुन्, त्यस्ता मानव जो लामो यात्रा गरेर बुद्ध भए। उक्त प्रक्रियामा उनी धेरैपटक मानिस इत्यादि पनि बने, यसरी कैयौं पटक जन्मिए भनेर जातकहरुले देखाउँछन्।

यसबाट भवचक्रको सन्दर्भमा देवताहरु, मनुष्यहरु र पशुहरुमा खासै त्यति अन्तर छैन भन्ने बौद्ध अवधारणाको प्रसङ्ग निस्किन्छ। किन कि कुनै चित्तसन्तान एक समयमा (इन्द्र, विष्णु, शिव आदि) देवता पनि हुन पुग्छ भने कुनै अर्कै समयमा मनुष्य पनि हुन पुग्छ। त्यसैले बुद्ध धर्मभित्र देवता भनेका शाश्वत रुपमा रहिरहने 'देव' होइनन् र तिनीहरु पनि मर्दछन् र आ-आफ्ना कर्मको सञ्चय अनुसार मनुष्य आदि भएर जन्मिन्छन्। त्यसको तात्पर्य के हो भने

कर्म भनेको कुनै 'नियत कुरा' होइन जसलाई कुनै महान् 'देव' ले मानवमाथि प्रदान गरेको होस्, बरु आफैले गरेका कामहरु नै हुन् जसको फल आफैले भोग्नुपर्ने हुन्छ र आफैले नै त्यस्ता कर्महरुलाई बदल्न सकिन्छ। त्यसकारण, बुद्ध भनेका मानवलाई मद्दत गर्न तल झरेका कुनै 'देवता' होइनन् बरु आध्यात्मिक उन्नतिको शिखरमा पुगेका व्यक्ति हुन्।

त्यही भएर बुद्धले आफूलाई "शास्ता देवमनुष्याणाम्" अर्थात् देवता र मनुष्यहरुका शास्ता (गुरु) भन्नुभएको हो। मनुष्यको जन्मले गर्दा उहाँ 'मानव' नै हुनुहुन्थ्यो तापनि बुद्ध भइसकेको हुनाले उहाँ केवल 'मानव' मात्र नभएर एक मानवभन्दा बढी नै हुनुहुन्थ्यो, आध्यात्मिक उन्नतिका लागि मानव र देवताहरु सबैका निमित्त गुरु या शास्ता हुनुहुन्थ्यो। उहाँ स्वयंले नै अंगुत्तर निकायको द्रोणसूत्रमा आफूलाई देवता पनि होइन, यक्ष पनि होइन, गन्धर्व पनि होइन र मनुष्य पनि होइन समेत भन्नुभएको छ। कुनै पनि बुद्ध धर्मको अनुसार बुद्ध अवश्य पनि 'ईश्वर' हुनुहुन्न न त कुनै ईश्वरको अवतार हुनुहुन्छ। तर यदि उहाँ मनुष्य पनि हुनुहुन्न भने को या के हुनुहुन्छ त ? उहाँ 'बुद्ध' हुनुहुन्छ। 'बुद्ध' भन्ने शब्दको मतलब के हो ? र एक बुद्ध एक मानवभन्दा कुन हिसाबले फरक छ त ?

बुद्ध मानव आमा-बाबाट मनुष्यकै रुपमा जन्मिनुभएको थियो। शुद्धोधन र मायादेवी कुनै देवता या देवी थिएनन् न तिनीहरुका अवतार थिए। तिनीहरु मानव थिए। तर मैले अगाडि बताइझैं बुद्धधर्मभित्र मानव भनेको सदाकालका निमित्त शाश्वत रुपमा मानव मात्रै भइरहने गरी अड्किएको प्राणी होइन। तिनै मानव आफूले गरेका कर्महरुका आधारमा कहिले देवता या देवी बन्छन् भने देवी या देवताहरु पनि उनीहरुको अतीत र वर्तमानमा गरेका कर्म अनुसार फेरि मानव या पशु पनि बन्छन्।

त्यसकारण, देवी-देवताहरु पनि शाश्वत (सधैं उस्तै रहिराख्ने) र मानवसँग सम्बन्धै नभएका सत्व होइनन्। त्यसो भए बुद्ध कसरी मानव हुनुहुन्थ्यो त ? मानव त अझै पनि क्लेश (मनलाई कष्ट दिने कुराहरु) बाट ग्रस्त हुन्छन् र अझै अज्ञान (अथवा अविद्या) मा हराएका हुन्छन्। यस्ता जस्तोसुकै सांसारिक कुराहरुलाई पनि नजान्नु अविद्याको अर्थ होइन, यो त ती कुराहरुको अस्तित्व कस्तो प्रकारको छ, अर्थात् वास्तविक स्वभाव कस्तो छ भन्ने कुराको अज्ञान हो। बुद्धमा क्लेश पनि नभएको हुनाले उहाँलाई शारीरिक लक्षणहरु मानवकै भइरहन्छन्। उहाँको चित्तको तह कुनै पनि मानव र देवता या देवीहरुको सँग मिल्दैन।

वास्तवमा बुद्धहरुको चित्त त्रिसाहस्र महासासह्र लोकधातु भनेर बौद्ध संस्कृतिमा बताइने सम्पूर्ण संसाभरिमै कुनै पनि प्राणीको चित्तसँग मिल्दैन। त्यही भएर नै बुद्ध स्वयंले द्रोण ब्राह्मणलाई म मनुष्य, देवता, यक्ष, गन्धर्व आदि कोही होइन, मलाई त बुद्ध भनेर बुझ्नुपर्छ भन्नुभएको थियो। महासांघिक निकायको बुद्धजीवनीको ग्रन्थ 'ललितविस्तर' का अनुसार बुद्ध त जन्मिदाखेरि नै सबै प्राणीहरुमा सबभन्दा ज्येष्ठ र श्रेष्ठ (eldest or seniormost) हुनुहुन्थ्यो। लुम्बिनीको पाषण मूर्तिमा र अन्य पौभा चित्रहरुमा ब्रह्मा, विष्णु, महेशहरुले बुद्धलाई जन्मिदाखेरि नै स्वागत गर्न आएको देखाइएको तात्पर्य यही हो। असंख्य कल्पसम्मको अभ्यासबाट सञ्चित अपार पुण्यको कारणले गर्दा उहाँ बत्तीस लक्षण र अस्सी अनुव्यञ्जनहरुले युक्त भएको शरीर लिएर जन्मिनुभएको थियो। ती लक्षणहरु केवल बुद्ध बन्ने या चक्रवर्ती सम्राट बन्ने व्यक्तिहरुमा मात्र पाइन्छन्। यी दुई अवधारणाहरु भारतवर्षमा बुद्ध शाक्यमुनिको समयभन्दा धेरै अघिदेखि विद्यमान थिए, किन कि ब्राह्मण पुष्करस्वतीले आफ्नो ब्राह्मण शिष्य अम्बस्थलाई गौतमका साँच्चिकै ती लक्षणहरु छन् कि छैनन् र उनी बुद्ध हुन् कि होइनन् भनेर पत्ता लगाउन अह्राएको प्रसङ्ग हामी पाउँछौं।

अम्बस्थले बुद्धसँग रुखो व्यवहार शैली प्रस्तुत गरेको थियो। विद्वान ब्राह्मण पुष्करस्वतीले गौतमका ती लक्षणहरु साँच्चिकै रहेछन् भन्ने थाहा पाएपछि अम्बस्थलाई सोधे,"तिमी उहाँसँग कस्तो शैलीमा प्रस्तुत भयौ ?" अम्बस्थले आफ्नो यथार्थ प्रस्तुति बतायो। तुरुन्तै पुष्करस्वतीले यसलाई गालामा थप्पड दिएर आफू स्वयं बुद्धकहाँ गएर उहाँको रुखो व्यवहारप्रति आफूले माफी मागेका थिए।

तर यो स्पष्ट पार्नु आवश्यक छ कि कृष्णमा भएका भनिने लक्षणहरु यी लक्षणसँग मिल्दैनन्।

जस्तैः सुनौलो वर्ण, निधारमा सेतो ऊर्णा, शिरमा उष्णीष, चालीसवटा दाँत आदि, जुन कृष्णमा थिएनन्। यी लक्षणहरु धेरै प्राचीनकालदेखि मान्यतामा

आएका लक्षणहरु हुन्। बुद्धका मूर्ति या चित्रहरुमा केशको मुकुट बाँधेको जस्तो भान पार्ने भाग अधिकांश अबौद्ध नेपालीले सोचेजस्तो केशको मुकुट होइन। त्यो त शिरकै माथि उठेको भाग हो जसलाई ' उष्णीष' भनिन्छ र चक्रवर्ती राजा या 'बुद्ध' मा मात्र यो हुन्छ।

यी त्यस्ता लक्षणहरु हुन् जो अन्य देवीदेवता आदि या अन्य अबौद्ध योगीहरु कसैमा पनि पाँइदैनन्। बत्तीस लक्षणमध्ये केही चाहिं अरुमा पनि पाइन सक्छन् (जस्तै चौडा छाती, लामा हात इत्यादि)। दीर्घनिकायको अम्बस्थ सूत्रका अनुसार यस्ता लक्षणको विषयमा बुद्धका पालाका ब्राह्मणहरुलाई थाहा थियो र उनीहरुका ग्रन्थमा पाइन्थ्यो। बुद्धपछि शताब्दीयौंमा आएर ब्राह्मण संस्कृतिमा यी जानकारीहरु हराएजस्तो देखिन्छ किनकि पछिका हिन्दू ग्रन्थहरुमा बुद्धलाई विष्णुको अवतार भनिन थाल्यो, कृष्ण जसको नाम नै 'कालो' हो (कान्हा) लाई बत्तीस लक्षणले युक्त भनिन थाल्यो। बुद्धका पालासम्म ब्राह्मणहरुलाई थाहा थियो कि 'बुद्ध' या 'तथागत' भनेका उदुम्बर फूल बुद्धले बोधि प्राप्त गर्दाखेरि मात्र फुल्छ भनिन्छ, जुन धेरै दुर्लभ कुरा हो। 'बुद्ध' त्यो बेला मात्र देखा पर्छन् जुन बेला त्यसभन्दा अगाडिका बुद्धहरुले सिकाएका शिक्षाहरु पूर्ण रुपले हराइसक्छन्। एकै जङ्गलमा दुई सिंह बस्दैनन् भन्ने उखान झैं एकै समयमा दुई भिन्दाभिन्दै बुद्धका बेग्लै शिक्षाहरु पनि एकै समयमा अस्तित्वमा हुन सक्दैनन्। त्यसैले नयाँ बुद्ध तब मात्र जन्मिन्छन् जब यो धर्तीमा पहिलेका बुद्धको शिक्षाहरुको पद्धति (जसलाई शासन भनिन्छ) पूर्ण रुपले हराइसक्छ। अहिले शाक्यमुनि बुद्धको शासन चल्दैछ र जल्दोबल्दो छ। त्यसैले शाक्यमुनि बुद्धपछि आजसम्म अर्को बुद्ध जन्मेको छैन। यसमा कुनै बौद्ध परम्पराभित्र भ्रम छैन। पछि अर्का बुद्ध मैत्रेय तब मात्र आउने सम्भावना छ जब शाक्यमुनि बुद्धको शासन पूर्ण रुपले हराइसकेको हुनेछ। बौद्ध सिद्धान्तमा यो तथ्य 'धर्मनियाम' भित्र पर्दछ, याने धर्मको नियम नै यही हो।

शुद्ध सिद्ध परम्परा

शाक्यमुनि बुद्धदेखि शुरु भएका थुप्रै अटूट शुद्ध सिद्ध परम्पराहरुले अहिलेसम्म बुद्धको शिक्षालाई निरन्तरता दिइरहेका छन्। त्यस्ता परम्पराहरुमध्ये तिब्बतको र नेपाल एवं भारतको हिमाली क्षेत्र, भूटान, मध्यएसिया तथा मङ्गोलियाका जेन बुद्धधर्म, तेन्दाई (चीनियाँ-तिएन् ताई) र यस्तै थुप्रै अन्य परम्पराहरुमा अझै पनि प्रत्येक पिंढीमा सिद्ध गुरुहरु हुँदै आएका छन्। अनि भिक्षुहरुको अटूट प्रबल परम्परा त यी विभिन्न सम्प्रदाएमा विद्यमान नै छन् र शासनमा योगदान गरिरहेकै छन्।

बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्नुभन्दा तीन महिना अघि स्पष्टसँग बताउनुभएको थियो कि उहाँको शासनलाई अघि बढाइराख्नका निमित्त चार वर्गका व्यक्तिहरु बनिसकेका छन्। ती चार प्रकारका वर्गहरु हुन्- भिक्षु संघ, भिक्षुणी संघ, उपासकगण र उपासिकागण। यी चार प्रकारका गणले आफ्ना शिक्षाहरुलाई चालू गरी राख्नेछन् भन्ने कुरा मलाई थाहा छ भनेर उहाँले बताउनु भएको थियो।

उहाँ महापरिनिर्वाण जाँदाखेरि पाँचसयभन्दा बढी अर्हत्‌हरुलाई छोड्नुभएको थियो भने एक हिसाबले सबै भिक्षुहरुका संघ स्रोत आपन्न भइसकेको थियो। स्रोत आपन्न भनेका बुद्धको ज्ञानदर्शन गरिसकेका (श्रावकयान अनुसार लाभ हुने) व्यक्तिहरु हुन्। त्यसको तात्पर्य हो उहाँले आफ्ना शिष्यहरुमध्ये अधिकांश सबैलाई ज्ञानदर्शन लाभ गराईसक्नुभएको थियो। तिनै ज्ञानी गुरुहरुमार्फत नै बुद्धका शिक्षाहरु शताब्दियौंसम्म पिंढी हुँदै चल्दै आजसम्म आइरहेका छन्।

बुद्धधर्मलाई बुझ्नको लागि यो अटूट शुद्ध सिद्ध परम्पराको अवधारणालाई बुझ्नु अत्यन्त महत्वपूर्ण हुन पुग्छ। बुद्ध स्वयंले बोधि प्राप्त गर्नुभएको थियो। त्यसैले उहाँलाई बुद्ध भनिन्छ। यो शब्द 'बुध्' धातुबाट आएको हो र यसको अर्थ जान्नु, जाग्नु हुन्छ। वास्तवमा सम्पूर्ण बुद्धधर्मको मूल नै बुद्धको बोधिमा जराहालेको छ। मैले बुद्धता (बोधि) मात्र नभनेर 'बुद्धको बोधि' भन्नमा बढी जोड दिएको छु।

अंग्रेजी शब्द 'enlightenment' र त्यससँग सम्बन्धित संस्कृत शब्दहरु जस्तै ज्ञान, मुक्ति, बोधि आदिलाई बुद्धदेखि अहिलेसम्मका थुप्रै आध्यात्मिक परम्पराहरुले प्रयोग गर्दै आएका छन्। 'ज्ञान' र 'मुक्ति' बुद्धभन्दा पनि अघिदेखि प्रयोग भएका शब्द हुन्। त्यसैले यो स्पष्ट बुझिराख्नु अति महत्वपूर्ण हुन्छ कि शब्दहरु उही भए तापनि तिनीहरुले जनाउने अर्थ उही नै हुनुपर्छ भन्ने केही छैन। त्यसकारण फलानो फलानोले बोधिलाभ गरे (enlightened) भन्ने दाबी

गर्नुको अर्थ उनले बुद्धले लाभ गरेकै बोधि प्राप्त गरेका हुन् र उनलाई त्यसैले बुद्ध भन्नुपर्छ भन्ने हुँदैन ।

मैले अगाडि नै उल्लेख गरिसकें कि बुद्धहरु भनेका वसन्त ऋतुमा देखापर्ने मर्निङ् ग्योरी फूल (हरिणपरी जातको फूल) जसरी देखा पर्ने होइनन् । बुद्धको उत्पाद अद्वितीय एवं दुर्लभ मात्र होइन, एक निश्चित नियम अनुसार हुने गर्दछ (धर्म नियम) । पहिलेका बुद्धको शिक्षा पूर्ण रुपले हराइसके पछि मात्र बुद्धको उत्पाद हुन्छ, योगावचार (योगअभ्यासी) ले चार या तीन असंख्य कल्पसम्म अध्यास गरेको हुन्छ ।

एक असंख्य कल्प भनेको १०६० कल्प हो (अभिसमयालंकार अनुसार) । ललितविस्तर लगायतका बौद्ध ग्रन्थहरुका अनुसार बुद्ध भनेका आफ्ना गहिरो र विस्तृत अभ्यासको कारणले आध्यात्मिक रुपमा देव, ब्रह्मा लगायत सबै प्राणी (सत्व) हरुमा जेठा र वरिष्ठ हुन्छन् र त्यो पनि जन्मिँदाखेरि नै । एक समयमा दुईवटा बुद्ध पैदा हुँदैनन् । त्यस्तै पहिले बताएझैं एक बुद्धका शिक्षाहरु जीवित रहँदासम्म अर्का बुद्ध आउँदैनन् ।

यहाँ एउटा कुरा स्पष्ट पार्नु आवश्यक छ । बौद्ध परम्परा स्वयंले नै आफ्नो परम्पराका धेरै योगीहरुलाई 'बुद्ध' भन्दछ । त्यसको अर्थ यतिमात्र हो कि उनीहरुको चित्तले बोधिको उच्चतम अवस्थालाई साक्षात्कार गरिसकेको छ र त्यस अर्थमा उनीहरु बुद्धसमान हुन् । त्यसको तात्पर्य उक्त योगीका पनि ३२ लक्षण र ९० अनुव्यञ्जनहरु सहितको तथागतको जस्तो काय छ भन्ने हुँदैन । त्यस्तो कुरा पनि ती व्यक्तिहरुका लागि मात्र लागू हुन्छ जो बुद्धदेखि अटूट रुपमा चलिआएको सिद्ध परम्पराबाट आएका गुरुहरु हुन्छन् ।

'बुद्ध' भनिने अन्य व्यक्तिले (यसरी बुद्धकै उपदेशको परम्पराबाट नआएका व्यक्तिले) बौद्ध परम्पराका भाषा शैली र पदावलीलाई प्रयोग गर्न सक्लान् तर अर्थ बेग्लै दिने हुन्छन् । व्यक्तिलाई आफ्नो इच्छा अनुसार शब्द र पदावलीको प्रयोग गर्न स्वतन्त्रता हुन्छ, तर त्यसको तात्पर्य 'बोधि', 'बुद्ध' जस्ता शब्दहरुको अन्य व्यक्तिले दिने अर्थ बौद्धहरुले दिने अर्थसँग समानै हुन्छ भन्ने ठान्नुहुँदैन । अबौद्ध अभ्यासहरु गरेर बुद्धको बोधि प्राप्त गर्न सकिदैन । यो आफैमा गम्भीर विषय हो र बुद्धधर्मसम्बन्धी रुपतालिका र दायरा एवं पदावलीहरुको बारेमा स्पष्ट हुँदै गएपछि चर्चा गरौंला ।

अहिले चाहिँ 'अटूट शुद्ध सिद्ध परम्परा' को बारेमा स्पष्ट पारौं । बुद्धले बोधी प्राप्त गर्नुभयो त भने तर बौद्ध परम्परामा त्यसलाई 'सम्यकसम्वोधि' भनिन्छ । सोझो तर्कले भन्ने हो भने 'सम्यकसम्वोधि' भनेको साँच्चिकै के हो भन्ने कुरा त केवल बुद्धलेमात्र जान्नुहुन्छ । यदि मैले चिनीको स्वाद लिएको छु भने चिनीको स्वाद कस्तो हुन्छ भन्ने मलाई थाहा हुन्छ र मानिसलाई चिनी चखाउन सक्छु । यदि मैले आफूले खाएकै लटको केही चिनी चाख्न दिएँ भने मात्र त्यसलाई चाख्ने मान्छेको र मेरो चिनीको स्वादको ज्ञान उही हुन्छ भन्ने कुरा मान्य हुन्छ । जब मैले उसको 'चिनीको स्वादको ज्ञान' ठीक छ भनेर छाप लगाउँछु तब मैले चिनी सम्बन्धी स्वादको मेरो जुन ज्ञान हो यसको पनि त्यही ज्ञान हो भनेर मान्य बनाएको ठहर्छ । यहाँनेर नै अनुभूतिको शुद्धता अडेको छ ।

हामीले यही रुपककै आधारमा पनि बुद्धले सिकाउनुभएको कुनै पनि व्यक्तिले त्यही स्तरको बोधि साक्षात्कार गर्‍यो वा गरेन भन्ने कुराको पुष्टि बुद्धले बाहेक अरु कसैले पनि गर्न सक्दैनन् भन्ने कुरा स्पष्टसँग बुझ्न सक्छौं । यो कुरामा दुई मत हुन सक्दैनन् । आफ्ना सयौं शिष्यहरुलाई अर्हत् वा स्रोतापन्न वा सकिदागामी वा दर्शन मार्ग लाभ गरेका बोधिसत्व घोषणा गर्न वास्तवमा बुद्ध भगवानले यही तरिका अपनाउनुभएको थियो ।

◊◊◊


## हार्दिक शुभकामना



नेपाल र नेपालीलाई विश्वमा चिनाउने शाक्यमुनि बुद्धको २५५४ औं बुद्धजयन्तीको यस पावन अवसरमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र स्मृद्धिको हार्दिक मङ्गलमय कामना ।

**नेपाल सुन चाँदी व्यवसायी संघ, कास्की**

# अत्ता हि अत्तनो नाथो

- कृष्ण भण्डारी 'मुमुक्षु'
सह-प्राध्यापक, चि.शा.अ.स. पोखरा क्याम्पस

कुशल शब्दमाली, प्रवल यशमाली र विमल कीर्तिशाली बुद्ध विश्वका एक ज्ञानदूत हुन् । उनले ' अत्ताहि अत्तनो नाथो' विचार वाक्यबाट व्यक्त गरेको रहस्य मेरो सर्वेसर्वा म आफू नै हूँ भनेर बुझ्न आग्रह गरेका छन् । यो अवस्थामा पुग्न कठोर तपस्या र निष्ठापूर्ण आत्मचेतनाको खाँचो पर्छ । आफूमा पूर्ण विश्वास नआएसम्म अल्पज्ञान छर्नुहुँदैन र पूर्णज्ञान प्राप्त नहुँदा सम्म थाक्नुहुँदैन । धन, सत्ता र शस्त्रबल भन्दा मन, मानवता र मोक्षज्ञान नै जीवन धन हो । म बुद्धको सरलतामा असाधारण जीवन उर्जा रहेको पाउँछु । बुद्धका सार वचनमा एउटा ज्योति हुन्छ जुन ज्योतिले हृदयभित्र उज्यालो छर्छ । सङ्कीर्ण स्वार्थ र बचपना तर्कले बोधिसत्वको क्षितिज खोज्न सकिन्न । विश्वासको लहू र जिज्ञाशाको तस्वीर देखाउन त सकिन्न तर व्यक्तिमनमा नि वैयक्तिक विचारको किरण तब आउछ जब हामीले बुद्धलाई पढ्छौ । भऱ्याङ राखेर पहाड चढिन्न भरोषा पालेर विज्ञान पढिन्न । गर्नुपर्छ सङ्घर्ष उत्थानको लागि अनि सनातन बन्नको लागि ।



छिरबिरे घामका किरणले पनि प्रकाश त राम्रै ल्याएका हुन्छन् । मैले बौद्ध वाङमय थोरै पढे र केही मात्र जाने तर पनि बुद्धलाई यति जजिक पाएँ जो मबाट उनी कहिल्यै टाढिएनन् । निःस्वार्थताको कुनै धुरी हुने भए म त्यहा बुद्धलाई राख्ने थिएँ । सच्चाईको कुनै ध्रुवभए म त्यहाँ बुद्धको विचार कोर्ने थिए । विषमताको दलदलबाट उठ्न उनले जुन हात दिए यो युगमा अरु कसैले दिएका छैनन् । म बुद्ध हुन सकिन भन्नुमा तुक देख्तिन म किनकि बुद्ध स्वयंमा पूर्ण थिए र रहेका छन् । युगका पदचापलाई कता डोऱ्याउने भन्ने अहं आँट बुद्धले गरे । उनले अशान्तिले ग्रस्त विश्वलाई शान्तिको मार्गमा प्रवृत्त गराए, यो नै उनको तत्कालीन समयको सर्वोच्च क्रान्ति थियो । हामी आफूलाई ऐनामा हेर्छौं र केवल मोटो राम्रो र तन्दुरुस्त अनुहार देखेर मख्ख पर्छौं तर बुद्धले दिएको ऐना हेर्दैनौ । कठिनाइसँग जुझ्ने आँट हामीसँग छैन । स्वार्थ के हो ? हामी त्यसलाई छिमल्न सक्दैनौं । जन्म र मृत्युको बोध हाम्रा लागि फगत सुख र दुःख हो तर बुद्धले दुःखलाई पनि सुखको मार्ग र सुखलाई दुःखको मार्गका रुपमा चिनाउछन् । यतिभएर नै 'निजी ज्ञान र ध्यानको निर्देशक स्वयम् तिमी हौ तिमी' उनले भने ।

कालचक्र घुमिनै रहन्छ र यही घुम्तीका हामी केवल दृश्य हौं । मेरो आत्माले भन्छ: पञ्चशील शिक्षा आजको बोर्डिङ स्कूलमा र सरकारी विद्यालयमा अनिवार्य पढाउनु पर्छ किनकि त्यसले हरेक म पात्रलाई स्वाभिमान सिकाउँछ । पढ्नु र पढाउनुको पनि एउटा संस्कृति हुन्छ । बुद्धले प्राणीको हत्या नगर्नु र उसलाई कुनै चोट नपुऱ्याउनु, चोरी नगर्नू र यसबाट टाढा रहनू, व्यभिचार नगर्नु र गरेको पनि नहेर्नू, झूठ नबोल्नु र बोल्न पनि नलगाउनू: अनि मद्यपानजन्य लागु पदार्थ सेवन नगर्नू र गर्नमा अभिप्रेरित पनि नगर्नू भनेर पढाए । हो यो कथन बुद्धको तर जसले पालना पनि गर्दछ त्यो बुद्धकै अवतार हो । विवेक गुमाएर, विचारसँग डराएर, निष्ठा तुहिंदासम्म

अन्तर्मनको आवाज नबुझ्ने ती जरा जीवनप्रति पनि बुद्ध दयालु बनेका छन् । त्यसैले उनी विश्वका दीपक (light of world) हुन । सहस प्रणामले बन्दना गर्छु म उनलाई । उनी यस भूमिमा जन्मे र कृतार्थ गरे संसारलाई ।

बुद्धले 'निब्बाणं परमं सुखं' भनेर पढाए । निर्वाणबाट वास्तवमा परं सुख र महासुख मिल्छ । जुन जन्म प्राप्त भएको छ यसका सामु थुप्रै चुनौती र समस्याहरु छन् । ती चुनौती र समस्याको समाधानका लागि प्रयत्न गरियो भने चुनौती चुनौती रहन्न र समस्या समस्या रहन्न । त्यसपछि प्राप्त हुने सुखानुभूति जो अवर्णनीय हुन्छ त्यस्तै 'निब्बाणं परमं सुखं' भन्ने आवाजले जीवनका प्रति जल सिंचिरहेको छ । बुद्ध अस्तित्व ज्ञान र आधिपत्य ज्ञानलाई साकार गर्दै जीवनका प्रति दयालु हुन्छन् । बुद्ध रुपभन्दा पर चिद्रुप हुन् । उनको चिदानन्द बोध नै दिव्य ज्ञान हो । हामी चिर पिपासु रहौं बुद्धका वाणी सुन्न र बुझ्न । हामीलाई अहंको टक्कर र सम्पतिको विनासबाट प्राप्त हुने पीडाले छुने छैन । खेतमा अङ्कुरित धान र हाँडीमा भुटेको धान दुवै धान हुन् । मैले अङ्कुरित धानमा बुद्धवाणीहरु पढ्छु र पढिरहन्छु ।

विचारको युग अन्त प्रायः भएको वर्तमानको यस परिवेशमा अणुभट्टी र प्रक्षेपास्त्र शक्तिको आडमा बोधिसत्व जो कोहीका निम्ति उपयोगी ज्ञान नहुनसक्छ तर भेददृष्टि र शक्ति सञ्चयको कलालाई मलजल गर्ने विज्ञानवादी चेतना हाबी हुँदासम्म मन पखालेर निःस्वार्थ सेवा गर्ने कर्म टुहुरो मानिन्छ । भोगेको लीला र योगको लीला फरक भए झै बुद्धले अक्षरगाथाको जुन महिमा स्थापित गरे आजको शिक्षाले त्यो शिक्षाको धारलाई बिर्सेको छ । र त अशान्ति, भय र दुष्पापहरु चारैतिर छन् ।

निर्दिष्ट जीवनका निर्दिष्ट पथहरुमा 'अत्ताहि अत्तनो नाथों' भनी बुझिने बुद्धत्व सन्तुष्टि ज्ञान हो । वर्ण, वर्ग, स्थान, देश भन्दा उच्च छ बुद्ध सन्दृष्टि । पराज्ञान र धराज्ञानको संवाद सेतु मैले बुद्धवाणीमा प्राप्त गर्छु । नामको रटाइ र माला जपाइले मात्र ईश्वर सन्तुष्ट हुन्न तर नाम र मालाको अर्थमा पुऱ्याउने उद्बोध भने बुद्ध बचनले दिइरहेका छन् । जति बाँच या जति सुकै हाँक संसार, रथी आफू बनेर सारथी बुद्ध देशनालाई ज्ञान अनि हन्छ सब्ब मङगलम् ॥


# हार्दिक शुभकामना

२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा देशमा सुख र शान्ति छाओस् सबै सुखी, समृद्धि र आरोग्य होउन् यही शुभकामना छ ।

राजेशमान बुद्धाचार्य

## बुद्धाचार्य गहना गृह

(सुन चाँदी दुकान)

मोहरिया टोल, पोखरा, फोन न. ५२०७३१, ५२३९२१

# वैशाली कि नगरबधू उपन्यासमा
# अम्रपाली र बुद्ध

– तिलक पराजुली

'अम्रपाली' बौद्ध साहित्यमा उल्लेख भएकी, बुद्ध समकालीन, एक विशिष्ट नारी पात्रको नाम हो । हिन्दी साहित्यका एक सुविख्यात साहित्यकार आचार्य चतुरसेनले यिनै अम्रपालीलाई केन्द्रीय विषय बनाएर एक विशिष्ट कोटीको उपन्यास लेखेका छन् 'वैशाली कि नगरबधू'। यस पुस्तकको छोटो भूमिकामा आचार्यजीले आफ्नो ४० वर्षको लामो साहित्यिक यात्रामा विभिन्न विद्यासंग संबन्धित ८४ वटा पुस्तक प्रकाशित गरिसकेको भएतापनि ती सबै कृतिलाई विर्सेर यस पछिल्लो कृति 'बैशाली कि नगरवधू'लाई प्रथम कृति मानिदिन पाठक समक्ष आग्रह गरेका छन् । विद्वान लेखक स्वयम्ले दिएको यस किसिमको सर्वाधिक महत्वले पनि यस उपन्यासको गहनता हामीले बुझ्न सक्दछौं । यो उपन्यास लेख्नु अगाडि उपन्यासको विषय वस्तुलाई यथार्थमा आधारित गराउन आचार्यजीले उपन्यास लेख्नु अगाडि आँफूले आर्य, बौद्ध, जैन र हिन्दू साहित्य-संस्कृतिको पूरा दशवर्ष अध्ययन गरेको कुरा पनि स-गर्व उल्लेख गरेका छन् ।

उपन्यासमा उल्लेख भएका क्षेत्र मिथिला, वैशाली, कुण्डपुर, कोल्लाग, मगध, पांचाल, बाराणसी कोशल हुन र यहाँका राजा, राजकुमार, योध्दा, कुटनीतिज्ञ, विदूषक, सुन्दरी सेठ-व्यापारी तथा बन्चकका साथै ऋषि मुनिहरु र गौतमबुद्ध तथा केही परिव्राजकहरु यसमा पात्र छन् । मुख्य पात्र भने अम्रपाली हुन भन्ने कुरा माथिनै उल्लेख गरिसकिएको छ ।

वाणिज्य संघको राजधानी वैशाली स्थित सप्तभूमि राजप्रासादको उद्यान रक्षक सिपाही नायक महानामनले विगत ३८ वर्ष देखि यहाँ सेवा गरेका छन् । अरु भौतिक आवश्यकताहरु यत्किञ्चितरुपमा परिपूर्ति भए तापनि सन्तानको अभावले महानामनका अधवैसे दम्पत्तिको जीवन अल्नो तरकारी समान खल्लो छ । एकदिन यी अधवैसे सिपाही उद्यानको एक भाग आँपको बगैचा तिर भिसमिसे विहानै जाँदै थिए, एउटा आँपको बृक्षमुनी सफा सेतो कपडामा बेरिएको, औंला चुसीरहेकी शिशुलाई देखे । त्यस परित्यक्त शिशुलाई लिएर महानामन आफ्नो निवासमा आए । महानामन दम्पत्तिको जीवनमा वसन्त आयो- यस इश्वरप्रदत्त सन्तानले गर्दा । आँपको बगैचामा आँपकै वृक्षतल प्राप्त भएकी हुँदा वालिकाको नाम पनि अम्रपाली राखियो । अम्रपाली चारवर्षकी हुँदा महानामन कि श्रीमती परलोक भईन । महानामनलाई दाम्पत्य वियोगले भन्दा अम्रपालीको सुन्दरताले सताएको छ । पूर्णिमाको चन्द्रको जस्तो अम्रपालीको शशिमुखी अनुहार लुकाउन उनी ४० वर्ष बसेको राजधानी बैशाली शहर छाडेर छोरीलाई साथमा लिई जन्मथलो गाउँ फर्कन्छन । शशिकिरण रुपकी अम्रपाली जति बढ्दै जान्छिन् उनको सुन्दरतापनि थपिदै जान्छ, यति सुन्दर त स्वर्गका अप्सरा पनि सायदै होलान् ।

अम्रपालीका पिता महानामनको पीडा र समस्या आफ्नी छोरीको सौन्दर्यता होइन, बरु वज्जीसंघको दूषित कानून हो । बज्जीसंघको कानूनमा जनपदकी सबै भन्दा सुन्दरी युवतीले विवाह गर्न नपाउने, वैयक्तिक पारिवारिक जीवन विताउन नपाउने जनपदकै साझा भोग्या हुनुपर्ने दूषित कानून छ । महानामन्ले लुकाउन चाहेर पनि अम्रपालीको सुन्दरता लुकाउन सकिएन । नगरसेट्ठि, श्रेणिक तथा सामन्तपुत्र देखि लिएर सबै नागरिकले अम्रपालीलाई नगरवधू बनाउनु पर्ने माँग गर्दै आन्दोलन गरे र माँगपूरा नभए, कानूनको पालना नभए गृहयुद्ध मच्चाउने चेतावनी दिए । अम्रपालीले जे माँग गर्छिन पुऱ्याउने तर उनी नगरबधू बन्नै पर्ने अडान छाडिएन । आखिर उनले नगरवधू बन्न स्वीकार

गर्नै पर्‍यो । वैशालीको राजा बस्ने सप्तभूमि राजप्रासाद अम्रपालीको लागि खाली गरियो । धनदौलत सम्पत्ति उनले माँग गरेजती दिईयो र धेरै सुसारे र एक पल्टन सुरक्षा कर्मी उनकै खटनमा चल्ने गरी उनका सबै माँग पूरा गरेर अम्रपालीका मुखबाट उपन्यासकारले बोलाएका छन् ।

जुन समय यस्तो कलंकपूर्ण कानुनको साहारा लिएर एक युवतीको सुन्दरतालाई अभिशापमा परिणत गरेर श्रीमती बन्ने, आमा बन्ने, पारिवारिक जीवन विताउनु अम्रपालीको नैसर्गिक अधिकार र इच्छाबलात अपहरण गरी साझा भोग्या बनाएको छ त्यसैबेला यस क्षेत्रको उरुबेला निरंजना नदीको तटमा बोधिवृक्षको तल ध्यानमा समाधिस्थ बसेका शाक्यपुत्र गौतमले बोधिसत्व प्राप्त गर्नुभएको थियो । उपवास र कष्ट कृशकाय शरीर, कम्मरमा बाँधिएको कौपन वाहेक कुनै वस्त्र छैन् तर मुखको कान्ति भने चम्किलो सुनझै छ । ज्यादै मनमोहक विहानी वैशाख पूर्णिमा,यसै प्रभात सूर्यको सुनौलो किरण संगै लोकको सबै सुख साधन त्याग गरेर मुक्ति र अक्षय आनन्दको खोजीमा जीवन अर्पेका दृढ प्रतिज्ञरत शाक्यपुत्र गौतमको हृदयमा एक प्रकाश किरण उदए हुन्छ । दुःखबाट मुक्ति पाउने आनन्द, अमरत्व र अमृतले विश्वलाई नै आलोकित गर्ने ज्ञान उनलाई प्राप्त हुन्छ । आफैलाई आफू बुद्ध हु, तथागत हुँ, अर्हत हुँ भन्ने उद्बोवोधन हुन्छ । दुईजना बटुवा त्यहा आई पुग्छन् र बुद्धलाई महबाट वनाईएको मधु गोलक ग्रहण गर्न अनुरोध गर्दछन् । बुद्धले उनीहरुमाथि स्निग्ध दृष्टिलगाउदै भन्नुहुन्छ-'म तथागत हुम, म बुद्ध हुम विना पात्र भिक्षा ग्रहण गर्न सक्दिन ।' एउटा ढुङ्गा ल्याएर त्यसैलाई भिक्षा पात्रबनाई बुद्धले मधुगोलक ग्रहण गर्नुहुन्छ । ती बटुवा भिल्लक र तपस्सुले बुद्ध धर्म प्रदान गर्न निवेदन गर्दै बुद्धका शरणमा पर्दछन । यिनै दुई व्यक्ति बुद्धका प्रथम उपासक हुन् भनि उपन्यासमा लेखिएको छ । शाक्यपुत्र गौतमले बुद्धत्व प्राप्त गर्दाका समयको यो वर्णन नवीन र मौलिक पनि हो, यस उपन्यासको ।

यता अम्रपाली नगरवधू, जनपदकल्याणी बनेकी छन्, सेठपुत्र, राजा र राजकुमारहरु उनको चरणमा ठूलो धन दौलत, हिरा मोती ज्वहारत चढाएर उनीसंग भोग विलाश गर्ने दुर्लभ अवसरमा रमाई रहेका हुन्छन् । गणराज्य भित्र अत्यन्त धनाढ्य सेठ- व्यापारी छन् । यहीं गरीव दीनहरु पनि छन् । बुद्ध भगवान उरुवेलाबाट काँशीको लागि प्रस्थान गर्दा बाटोमा उपक आजीवक भेट हुन्छ । उसले यस तेजस्वी, शान्त, तृप्त गौतमलाई देखेर सोध्छ-आयुश्मान ! तपाईको इन्द्रिय प्रसन्न छ, तपाईको कान्ति निर्मल छ, तपाईले कसलाई गुरुमानेर प्रव्रजित हुनु भएको हो ?' गौतमको जवाफ दृढनिश्चयी र सरल छ- 'म सर्वजय र सर्वज्ञ हुँ, निर्लेपहुँ, सर्वत्यागि हुँ, तृष्णा मुक्त छु । मेरो कुनै गुरु छैन ।' यो बटुवा संगको संवाद पनि मैले पढेसम्मका अरु बौद्ध साहित्यमा पाईदैन । बुद्ध भगवान् वाराणसीको ऋषिपत्तन मृगदावमा पुगे पछि पंचवर्गीय साधुहरु संग भेट भएको, उनीहरुले गौतमलाई देखेपछि उहाँलाई सम्मान प्रदर्शन नगर्ने सल्लाह गरेको, कठिन तपश्चरणमा चुकेको आरोप लगाउने सल्लाह गरेको तर उहा उनीहरुको सम्मुख आईसकेपछि भने उहाँलाई, आसन दिएको सम्मान प्रकट गरेको घटना उपन्यासमा अन्य बौद्ध साहित्यमा वर्णन गरे जस्तै छ, संवाद शैली भने रोचक र कलात्मक छ । पंचवर्गीय साधुहरुको वचन र व्यवहारलाई अज्ञानताको परिणाम संझेर भगवानले उनीहरुलाई संझाउनु हुन्छ-'साधुले दुई अति अवलम्बन गर्न हुँदैन । हीन, असभ्य, अनर्थयुक्त र कामवासनामा लिप्त पहिलो अति हो । दुखमय, असभ्य, पीडा युक्त अर्को अति हो ।' बुद्ध भगवानले चार आर्यसत्य र अष्टागिक मार्ग ठीक दृष्टि, ठीक संकल्प, ठीक वचन, ठीक कर्म, ठीक जीविका, ठीक प्रयत्न, ठीक स्मृति, ठीक समाधि नै भिक्षुले अवलम्बन गर्नुपर्ने मध्यममार्ग हो ।' यही भगवानबुद्धले आफ्नो धर्मका मूल आधार र तत्वको उद्घोष गर्दै धर्मचक्र-प्रवर्तन गर्नु भएको कुरा चारैतिर फैलियो, वाराणसी शहरमा व्यापक चर्चा परिचर्चा हुन थाल्यो ।

वाराणसीको सबैभन्दा धनी नगरसेट्ठिको एक मात्र छोरा कुलपत्र यश सुन्दर, कोमल र भावुक

हृदयका थिए । उनका हेमन्त, गृष्म र वर्षाका लागि बस्ने भव्य प्रसाद थिए । भगवान बुद्ध वाराणसीमा रहेको कुरा, उहाँको मृगदावमा आगमन भएको कुरा, कुलपुत्र यशले पनि सुन्दछन् । उनले शाक्य पुत्र गौतम राजसंपदा तथा शाक्यराजाको प्रख्यात वंश परपरा त्यागेर, त्यतिमात्र होइन, सुन्दरी पत्नी, नवजात पुत्र र सम्पन्न वैभव त्याग गरेर मानव मात्रलाई दुखको भवसागरबाट मुक्ति दिलाउने ज्ञान र उपदेश बाँड्दै भिक्षुको भेषमा भिक्षापात्र लिएर माग्दै हिड्नु भएको कुरा पनि थाहा पाए । वर्षा कालिक दरवारमा सुन्दरीबाट घेरिएर भोग विलाशमा लिप्त रहेको आफ्नो जीवनलाई निरर्थक र धिक्कार युक्त संझन थाले । कहिल्यै अध्यारोमा नहिडेका यशले सुनको जुत्ता लगाएर वर्षाको अधेरीरातमा वाहिर निश्कर मृगदाव ऋषिपत्तन तर्फ भौतारिदै गए, वुद्धका समीप पुगेर हाय म संतप्त छु ! म पीडित छु भनेर कराउन थाले । भगवानले भन्नुभयो- 'यश ! यो तथागत असंतप्त छ, अपीडित छ । आउवस ! म तिमीलाई आनन्दको अमृत पान गराउछु !' उपन्यासकार लेख्दछन्- सुनका जुत्ता खोलेर बुद्धका समूहमा अर्को भिक्षु यश थपिए, यीनै छ भिक्षुलाई लिएर बुद्ध भोलिपल्ट भिक्षाटनमा निसक्नु हुन्छ । यशका धेरै मित्रहरु लामबद्ध भएर प्रवज्या ग्रहण गर्दछन्, बुद्धका अनुयायीको संख्या आश्चर्यजनक तवरमा वृद्धि हुँदै जान्छ ।

वाराणसीका सेट्ठिपुत्रहरु भोगविलाश छाडेर चार आर्यसत्य र आठ आर्यअष्ठाङ्गिक मार्ग अवलम्बन गरेर नयाँ जीवन, सुख, शान्ति र मुक्तिको बाटो समात्दैछन् भने उता वैशालीमा राजा, राजकुमार, सेनापति, सेट्ठिपुत्रहरु सबै शक्ति र दौलतभएकाहरु अम्रपालीको अद्वितीय सौन्दर्यताको अतृप्त भोगमा लिप्त रहेका छन् । यी दुवै जीवनशैलीको समानान्तर चित्र पनि उपन्यासकारले वडो सुन्दरढङ्गले शव्दमा खिचेका छन् । बुद्धका उपदेशहरुकोप्रभाव दिन दुई गुना रातचौगुनाको रुपमा फैलिदै जान्छ । दिनहुँ सयौं हज्जारौंको संख्यामा मानिस बुद्धसंघमा प्रवेश गर्दछन् । भगवान वुद्ध राजगृह, जैतवन, श्रावस्ती आदि ठाउमा भ्रमण गर्नु हुँदाको वर्णन उपन्यासमा संजीव तवरमा गरिएको छ । त्यति बेला जर्वजस्त लादिएको ब्राह्मण धर्मले श्रृजित भेदभाव, जातीय विभाजन, धर्मका नाउँमा ठूलाठूला यज्ञ गर्ने पाखण्ड पूर्ण चलनमा पहिरोजान थाल्छ । ब्राह्मण र सुद्रमा भेद नगर्ने बुद्धधर्मले व्यापकता लिदै जान्छ । राजगृहमा वर्षावास गर्न बुद्ध आएका वखत मगधसम्राट विम्विसारका पाहुना हुन्छन । उनी कति विलासितामा हुर्केका थिए भने हिड्दै नहिडेर उनको पाइतालामा रौउम्रेका थिए, यस्ता विलाशी युवक पनि आफ्नो सबै सम्पत्ति वैभव बुद्धसंघलाई अर्पण गरेर भिक्षु भए । जैतवनमा तथागत रहनु भएका वरपत अजित केशकम्वली कि सेट्ठि मृगारकी पुत्रवधु विशाखा आफ्नो हार बेचेर बनाएको साततले दरवार बुद्धसंघलाई अर्पण गरेर भिक्षुणी बनिन् । ब्राह्मणधर्म प्रचार गर्ने गरेका नामचलेका विद्वान पूर्ण काश्यप, मक्खली गोशल, अजितकेसबली, प्रकुद्ध कात्यायत, सारिपुत्र, मौदगल्यायज, पिंडोत, भरद्वाज आदि भिक्षु वनेर वुद्धसंघमा समाहित भए । आर्य ब्राह्मण धर्म भेदभावको पक्षपोषण गर्ने, निरंकुश राजतन्त्रको मेरुदण्ड थियो भने वुद्धधर्म समानता, प्रेम गर्ने र सद्भाव विस्तार गर्ने, प्रजातान्त्रिक थियो भन्ने कुरालाई उपन्यासकारले अत्यन्त सुन्दरतामा प्रस्तुत गरेका छन् । समग्रमा आर्यको धर्म, साहित्य, राजसत्ता र संस्कृतिको पराजय र नवीन प्रगतिशील धर्म, साहित्य र संस्कृतिको उद्भव र विकास हुदै गएको सन्दर्भमा भारद्वाज, वशिष्ट, सांख्यायन, जैमनी, कणाद, आंगिरस, व्यास आदि ऋषिहरु एक ठाउमा वसेर सल्लाह गर्दछन्- आर्यधर्म संस्कृतिको रक्षाको लागि । बुद्ध पनि आयुष्मान सारिपुत्र, आयुस्मान महामौद्गल्यायन, आयुस्मान महाकात्यायन, महाचन्द, अनिरुद्ध, रैवत, उपाली, आनन्द र राहुल तथा गृहपति अनाथ पिण्डक जस्ता प्रज्ञा, शील र वीर्यवान व्यक्तित्वका साथ धर्म प्रचारमा लाग्नु हुन्छ । तक्षशीला र नालन्दा विश्वविदालय पनि बुद्धधर्म र दर्शनको अध्ययनस्थल बन्न थाल्दछन् । पुरुष र महिला ठूला धनाढ्य देखि गरीब दरिद्र, ब्राह्मण देखि चण्डाल सम्म बुद्धसंघमा सबैलाई ढोका खुला रहेको

वर्णन उपन्यासमा सुन्दरतवरमा गरिएको छ।

भोग विलास र अनैतिक काम देखि अम्रपाली विरक्त हुँदै गएकी छन्। उपन्यासको शुरुमै दिइएको छ कि नारीको सुन्दरतालाई अभिशाप बनाउने बज्जीसंघको कानूनलाई उनले धिक्कारेर आफू नगरबधू बनेकि हुन्। यो धिक्कारको जीवनबाट मुक्ति पाउने आशाले उनी एकदिन सप्त प्रासादबाट पलायन हुन्छिन। उनलाई परिस्थितिले यो अवसर दिन्छ र वादरायण व्यासको कुटीमा मुक्तिको लागि पुग्छिन। संयोग, मगधका सम्राट बिम्बिसार पनि आफ्नो देशमा छिमेकी आक्रमण भएकोले व्यासको कुटीमा त्यसै बेला पुगेका हुन्छन्। अम्रपाली र विम्बिसारको त्यहा भेट हुन्छ। अम्रपालीलाई राजमाता बनाउनेबचन दिएर ऋषि कुटी मै अम्रपाली र विम्बिसारको बीच समागम हुन्छ- मुक्ति पाउन व्यासकुटीमा गएकि अम्रपाली गर्भवती भएर सप्तभूमि प्रासादमा फर्किन्छन्। यसले अम्रपालीको समस्या र दुख झन बढ्छ। अम्रपालीलाई मगध लैजान सम्राट विम्बिसारले वैशालीमाथि आक्रमण गर्छन तर उनकै सेनापति सोमप्रभले वैशालीमाथिको आक्रमण अनावश्यक भनि विरोध गरेकोले विम्बिसारको पराजय मात्रै होइन आफ्नै सेनापतिले कैदमा हाल्छन। यसैबीच सोमप्रभकि आमा बृद्ध माताङ्गीसंग उनको भेट हुन्छ र आफू आफ्नी आमा माताङ्गी र विम्बिसारबीच अवैध सम्बन्धबाट जन्मेको भन्ने सोमप्रभलाई थाहा हुन्छ। साथै अम्रपाली मातांङ्गी र सोमप्रभ भन्दा अगाडि विम्बिसारका सेनापति रहेका वर्षाकारसंगको अवैध सम्बन्धबाट जन्मेर लोक लाजले गर्दा फालिएकी भन्ने कुरा पनि माताङ्गीबाटै सोमप्रभले थाहा पाउछन्। यो कुरा खुलेपछि तुरुन्तै सोमप्रभले विम्बिसारलाई कैद मुक्त गरी अम्रपालीबाट जन्मेको छोरा मगधराजगद्दीको उत्तराधिकारी हुने घोषणा गर्छन। यता वैशालीमा भगवानबुद्धको आगमन भएको छ। श्रमण बुद्ध सप्तभूमि प्रासादको नगिचै बस्नु भएको छ भन्ने समाचार विद्युत वेगले फैलियो। अम्रपालीले छोरा जन्माएर दाशीमार्फत मगधमा विम्बिसारकाहाँ पठाई सकेकि छन्। भगवानको आगमन सुनेर हर्षित छन् अम्रपाली-मुक्तिको मार्ग पाउन। भगवानले प्रवचन दिने समयमा रथमा चढेर अम्रपाली पनि प्रवचन श्रवण गर्न गइन्। प्रवचनसमाप्त भएपछि भोलिपल्टको संघसहित भोजनको लागि सप्तभूमि प्रसादमा भगवानलाई आमन्त्रण गरिन्। भगवानका वचनले उनलाई शान्ति मिलेको आभास भयो। सबै आफ्नो धनदौलत उनलाई तुच्छ लाग्यो। भगवान सँग प्रवज्याको लागि निवेदन गरिन्। भगवान सम्मुख पुग्दा उनी नाङ्गा खुट्टा गएकि छन् -सामान्य वस्त्र पहिरेर। आठ गुरुधर्म पालना गर्ने अम्रपालीले अठोट गरिन र भन्ते आनन्दले उपसम्पदा प्रदान गर्नुभयो। केश मुन्डन गरेर उनले चिवर धारण गरिन्। भगवानलाई परिक्रमा गरेर अभिवादन गर्दै उनले भनिन्

बुद्ध शरणं गच्छामि !<br>
धम्मं शरणं गच्छामि !<br>
संघं शरणं गच्छामि !

भगवानले घोषणा गर्नुभयो-'भिक्षुहरु महासाध्वी अम्रपाली भिक्षुणीलाई स्वागत गर ! अम्रपाली ! अब आफ्नो र प्राणिमात्रको कल्याण गर !

बौद्ध साहित्य यो- वैशाली कि नगरवधू हो वा होइन यस कुरामा विवाद हुन सक्छ तथापि बुद्ध धर्म, दर्शन र संस्कृतिको उद्भव र विकास बुझ्न अचार्य चतुरसेनको यो उपन्यास उपयोगी छ भन्ने कुरामा दुईमत हुनसक्दैन।

◊◊◊


२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा
देशमा सुख र शान्ति छाओस् सबै सुखी,
समृद्धि र आरोग्य होउन्
यही शुभकामना छ।

टेक नारायण शाक्य

कालिका गहना पसल

महेन्द्रपुल, पोखरा

फोन: ५३०६६५ पसल ५३२७३६ घर

# नेपालको पहिचान माथि आक्रमण

- वामदेव पौड्याल

चैत्र ४ मा नयाँ पत्रिकाको मुख पृष्ठमा 'भारतमा बन्दैछ लुम्बिनी' शीर्षकको समाचार छापियो। त्यसको ६ दिनपछि एभिन्यूज टेलिभिजनले सो खबरलाई 'खबरभित्रको खबर'मा प्रसारण गऱ्यो। खबरको भित्री कुरो थियो बुद्धको जन्मथलो लुम्बिनी : नेपालमा कि भारतमा ? अहिले बुद्धको जन्मथलो लुम्बिनी र बुद्ध जन्मेको देश नेपालमा होइन भनेर अंग्रेजीमा लेखिएका चर्चित सन्दर्भ पुस्तकहरूले इतिहासलाई मिथ्या र भूठ पार्ने दुस्साहस गरिरहेका छन्।

फर्नान्ड कम्टद्वारा सम्पादित द वर्डस्वर्थ डिक्सनरी अफ मिथोलजीको पृष्ठ ६२ मा बुद्धलाई "बौद्ध धर्मका प्रवर्तक र भारतका एक बुद्धिमानी व्यक्ति" भनेर चिनाइएको छ। उक्त पुस्तकमा बुद्धको जन्मथलो बारेमा 'किम्बदन्ती अनुसार सिद्धार्थ गौतम इ.पू. ५६३ तिर हिमालको फेदीमा रहेको कपिलवस्तु भन्ने ठाउँमा जन्मेका थिए' भनिएको छ। त्यसैगरी न्यू वेबस्टर डिक्सनरी अफ इङ्लिस ल्याङ्विजले बुद्धलाई छैटौं शताब्दितिर भारतमा हुर्के बढेका थिए भनेर लेखेको छ। यता नेपालमा हाल अत्याधिक प्रयोग हुने अङ्ग्रेजी पाठ्पुस्तकको व्रान्ड क्याम्व्रिज एडभान्सड् लनर्स् डिक्सनरी (तेस्रो संस्करण) को पृष्ठ १७९ मा बुद्धलाई 'भारतीय धार्मिक व्यक्ति (५६३-४८३ इ.पू.), जसको जिवनी र उपदेशहरूमा बौद्ध धर्म अडेको छ' भनेर चिनाइएको छ भने 'बुद्धवाद' लाई 'भारतबाट शुरू भएको धर्म' भनेर उल्लेख गरिएको छ। नेपालमा अत्याधिक प्रयोग हुने अक्सफोर्ड एडभान्सड डिक्सनरी (सातौं संस्करण) को पृष्ठ १९३ मा 'बुद्ध त्यस्ता व्यक्ति हुन् जसको उपदेशमा बौद्ध धर्म अडेको छ' भनेर लेखे पनि बुद्धको जन्मथलोको बारेमा मौन बसेको छ। त्यसको अलावा अक्सफोर्ड डिक्सनरीले 'बुद्धवाद' लाई 'सिद्धार्थ गौतमको उपदेशमा आधारित एसियाली धर्म' भनेर बुद्ध र बौद्ध धर्मलाई नेपालसँग जोड्न कन्जुस्याईं गरेको छ। लावेल टोमस ट्राभल जर्नालिजमबाट गोल्ड अवार्ड प्राप्त केरी मोरानको नेपाल ह्याण्डबुक (२०००) को पृष्ठ ३४६ मा सिद्धार्थ गौतमलाई 'कपिलवस्तुमा शासन गर्ने शाक्य वंशका राजकुमार' भनेर चिनाइएको छ तर कपिलवस्तुलाई 'भारतीय समथर भू-भागमा अवस्थित सानो एक स्वतन्त्र अधिराज्य' भनेर लेखिएको छ। त्यसपछिको कोष्ठकमा यस्तो लेखिएको छ, 'लुम्बिनी नेपालको भू-भाग भएको त सन् १८५६ मा हो र अहिलेको नेपालमा बुद्धले पाइला टेकेको कुरा प्रायः असम्भव नै छ।'

यसरी विभिन्न सन्दर्भ पुस्तकहरूमा बुद्ध र बौद्ध धर्मलाई भारतसँग जोडेर परिचित गराइएको छ। कहीं कतै नेपालको नाम देख्न पढ्न पाईदैन्। अहिले हामी नेपाली 'बुद्ध हाम्रो देशमा जन्मेका हुन्। बुद्धको जन्मथलो लुम्बिनी हाम्रै हो' भनेर जान्दा जान्दै र सो सम्वन्धी ऐतिहासिक एवम् पुरातात्विक प्रमाणहरू आफूसँग हुँदा पनि हामी यस तथ्यको प्रकाश पार्न चुकिरहेका छौं। हाम्रो स्नातकोत्तर तहमा पढाइने अङ्ग्रेजी पाठ्यक्रममा समेत बुद्ध भारतमा जन्मेका विषयवस्तु समावेश गरिन्छन् र विद्यार्थी त्यस्ता मिथ्या पढ्न बाध्य पारिन्छन्। पाठ्यक्रम निर्माण गर्ने विज्ञहरू नै त्यसप्रति उदासिन हुन्छन्। नेपाल सरकार बुद्ध र बौद्ध धर्मसँग सम्बन्धित विश्व सम्पदा सूचिमा सूचिकृत लुम्बिनी भारतमा बन्दै गर्दा कानमा तेल हालेर बस्छ। सर्वसाधारणलाई मात्र देशको सार्वभौमिकताको चिन्ता भएर के गर्ने ? देशको सञ्चालनको जिम्मा पाएको सरकार नै विदेशीको गोटी बन्दै जाँदा हाम्रो देशको सार्वभौमिकता र स्वाधीनतासँग जोडिएका संवेदनशील विषयवस्तुहरू ओझेलमा पर्दैछन्। राष्ट्र र राष्ट्रियता देखाउने दाँत मात्र बन्छन्। प्रतिपक्षी दलहरू सत्तारोहणसँगै सिमाना, सम्पदा, सार्वभौमिकता, स्वाधिनता जस्ता राष्ट्रको स्वाभिमानसँग जोडिएका सम्पूर्ण विषयहरू भूलेर पहिलेका सरकार जस्तै बन्न पुगेको हामीले देखेकै हो र त्यो दोहोरिन कत्तिवेर लाग्दैन। भारतीय विस्तारवादले नेपालको सम्पूर्ण क्षेत्रमा अतिक्रमण गरिरहँदा स्वाभिमानी नेपालीको मन मान्दैन र विरोध गर्न अग्रसर हुन्छ। परन्तु यो

देशमा जस्तो शासन पद्धति स्थापना भएपनि यो देशको सिमाना र सार्वभौमिकता ओझेलमा पर्न पुगेकाले भविष्यमा नेपाल र नेपालीको हित हुने कुनै कुरा होलान भनेर विश्वास गर्ने कुनै ठाउँ छ ? नेपाल राष्ट्रको सार्वभौमिकता भन्दा सत्ता स्वार्थमा रूमल्लिँदा दलहरूबीच खिचातानी बढ्दैछ र त्यो खिचातानीले गर्दा राष्ट्र कमजोर हुँदै गइरहेको छ । अझ बेलैमा संविधान नबन्दा त्यो सम्भावना बढेर जाने सुनिश्चित जस्तै छ । राष्ट्र र राष्ट्रका शक्तिहरू कमजोर हुँदा पराईले त्यहाँ आफ्नो उपस्थिति जनाउने अवसर पाउँछ र उसले यहाँका शक्तिहरूलाई हात लिने जुक्ति निकाल्छ। सुगौली सन्धी पश्चात नै नेपालमा विदेशीको उपस्थिति रहँदै आएको हामी सबैलाई थाहा हुनैपर्छ। अझ २००७ सालको दिल्ली सम्झौतामा भारतले आफ्नो हात माथि पार्ने शुभ अवसर प्राप्त गऱ्यो । तत्पश्चात उसले नेपालमा आफ्ना स्वार्थ अनुकूलका व्यक्तिहरू सत्तामा ल्याउने र आफ्नो हितमा काम नगर्नेहरूलाई गलहत्ती लगाउने काम गर्दै आएको छ। २०६२ को दोस्रो दिल्ली सम्झौता पछि त नेपालको सार्वभौमिकतामा ठूलो वलात्कार भएको छ। लुम्बिनी युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत एक विश्व सम्पदा हो । यसको मतलव यो राष्ट्रिय सम्पदा मात्र नभएर विश्व सम्पदा भएको सम्बन्धमा विश्व इतिहास साक्षी छ। विश्व इतिहासले पत्याएको नेपालको गर्विलो इतिहास मेटाउन भारतले धेरै पहिलेदेखि नै दुस्साहस गरिरहेको नेपाली जनताले राम्ररी बुझिसकेका छन्। हाम्रो सार्वभौमिकता माथि बलात्कार गरेर हाम्रो पहिचान माथि आक्रमण गर्न भारत निरन्तर लागिपरेको छ। कुन कुन आधारमा नेपाल राष्ट्र र नेपाली नामको पहिचान नामेट पार्न सकिन्छ ? त्यसका लागि सम्पूर्ण प्रपञ्चहरू रच्दै आएको छ भारतले । विश्वलाई ढाँटेर भएपनि भारतले वुद्ध भारतमा जन्मेको अफवाह फैलाई नेपालको स्वाभिमानमा छुरा रोपेको र त्यसले सम्पूर्ण नेपालीलाई पीडाबोध भइरहेको छ ।

सम्राट अशोक भारतका चक्रवर्ती सम्राट थिए र उनको चक्रलाई भारतले आफ्नो राष्ट्रिय झन्डामा अंकित गरेको छ। तिनै चक्रवर्ती सम्राट ईसापूर्व २५० मा नेपाल आई 'लुम्बिनी नै बुद्धको जन्मस्थल हो' भनेर वुद्ध जन्मेको स्थानमा अशोक स्तम्भ बनाउन लगाएका थिए। उक्त स्तम्भ सन् १८९६ मा पाल्पाका बडा हाकिम खड्ग शमशेर र जर्मन पुरातत्वविद् डा. फुहरर ले पत्ता लगाई सम्राट अशोकले नै बुद्धको जन्मस्थल लुम्बिनी हो भनेर आफूले निर्माण गर्न लगाएको स्तम्भमा ब्राम्ही लिपिमा लेखेर छोडेको ऐतिहासिक तथ्यलाई पुष्टि गरेको इतिहास साक्षी छ ।

लुम्बिनी बुद्धको जन्मस्थल नभएको भए राष्ट्रसंघका महासचिव बनेका बर्मेली नागरिक उ थान्तले नेपाल भ्रमण गर्दा बुद्धको जन्मस्थलको बेहाल देखेर चिन्तित किन हुनुपर्थ्यो र लुम्बिनी गुरूयोजनालाई राष्ट्रसंघको पहलमा अघि बढाउनु पर्थ्यो होला ? विषय प्रसँग सबै प्रष्ट छन् कि बुद्ध नेपालकै भूमिमा जन्मेका थिए र उनी नेपाली थिए । कसैले भारतीय बनाउने दुस्प्रयास गरेर त्यो सम्भव छैन ।

परन्तु: कपिलवस्तुको सदरमुकाम तौलिहवाबाट २४ किलो मिटरको सड्कदुरीमा भारतको उत्तर प्रदेशको अलिगढ्वा राज्य अन्तर्गत पीपरहवामा भारतले नक्कली लुम्बिनी वनाउँदै छ। त्यसको लागि उसले गौतम बुद्धको वास्तविक मावली गाउँ देवदह, जन्मस्थल लुम्बिनी र दरबार तिलौराकोट बीचको दुरी पनि नेपालमा जस्तै बनाएको समाचार नयाँ पत्रिकाले चैत्र ४ गते छापेको थियो र एभिन्यूजले चैत्र १० गते प्रशारण गरेको थियो । सन् २०१२ भित्र नक्कली लुम्बिनी र देवदहसहित नक्कली कपिलवस्तुले अन्तिम रूप लिँदै छ। नक्कली निर्माणलाई सक्कली प्रमाणित गर्न भारतले बुद्धसँग जोडिएका तिनै स्थानहरूका भग्नावशेषलाई नक्कल गरेको एभिन्यूज टेलिभिजनले पटक पटक झलक देखाएको थियो। बुद्धसँग सम्वन्धित सबै प्रमाणहरू नेपालमा भएपनि नेपालले तिनको प्रचारप्रसार गर्न नसक्दा विश्वमा बुद्ध भारतमा जन्मेका र बौद्ध धर्म भारतीय भूमिमा उद्भव धर्म भनेर प्रचारित भएको छ । यो साह्रै उदेक लाग्दो कुरा हो । उल्टो भारतीयहरू बुद्धसंग सम्वन्धित धेरै प्रमाण भारतसँग छन्, नेपालले नक्कल मात्र गरेको हो' भन्न केही लाजशरम मान्दैनन् । नेपाल सरकारले यस विषयमा मौनता साँध्ने बाहेक केही गर्न सकेको छैन । संस्कृति तथा पर्यटन मन्त्रालयको जिम्मा लिएका विद्धान मन्त्री डा.मिनेन्द्र रिजाल पनि आफ्नो कार्यकालमा नेपालको वास्तविक पहिचानसँग जोडिएका 'एसियाका तारा'

भनेर सुपरिचित गौतम बुद्ध नेपाली भएको तथ्यलाई के कसरी अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक प्रचारप्रसार गरी बुद्धबारे भारत र भारतको पहलमा विश्वभर फैलाइएका भ्रमहरू निवारण गर्न तदारूकता देखाउन किन पछि पर्ने ? आखिर उत्तरको छिमेकी देश चीनमा पनि बुद्ध भारतमा जन्मेको भनेर पैढाइ हुने गरेको मन्त्रीज्यूलाई थाहा त रहेछ। दक्षिणको छिमेकीले इतिहासलाई मिथ्या साबित गरी नेपालको स्वाभिमानमा छुरा रोपिरहेको छ । उत्तरमा मात्र 'बुद्ध नेपालमा जन्मेका हुन्' भन्ने तथ्यलाई पाठ्यपुस्तकमा समावेश गरी पढाउन सकियो भने बुद्धबारे भारतले फैलाउने भ्रम धेरै हदसम्म निवारण गर्न सकिथ्यो । कुटनीतिमा माहिर भनेर चिनिने माधव नेपालको नेतृत्वको सरकार यस सम्बन्धी कुटनीतिक पहल गर्ने इच्छा शक्ति जाहेर गर्थ्यो कि ? यति हुनसक्यो भने नेपाली जनता धन्य हुने थिए । सरकारले विभिन्न अन्तर्राष्ट्रिय प्रकाशनहरुबाट प्रकाशित बुद्धसँग सम्बन्धित भ्रामक पुस्तक एवम् सन्दर्भ सामग्रीहरूलाई नेपाल भित्र प्रयोग गर्न पूर्ण प्रतिबन्ध लगायो भने त्यसले बुद्ध र बौद्ध धर्मसम्बन्धी भ्रमहरू सुधारिएर आउने थिए कि ?


# हार्दिक शुभकामना



नेपाल र नेपालीलाई विश्वमा चिनाउने शाक्यमुनि बुद्धको २५५४ औं बुद्धजयन्तीको यस पावन अवसर मा संपूर्ण नेपालीहरुको सुख, शान्ति र स्मृद्धिको हार्दिक मङ्गलमय कामना ।

## पोखरा सुनचादी व्यवसायी संघ

कास्की पोखरा



शान्तिका अग्रदूत भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् संपूर्ण नेपालीहरु सुख र शान्ति पूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस् ।

गोविन्द ताम्राकार
सचिव

छत्रलाल कायस्थ
अध्यक्ष

तथा

## धर्मशीला बुद्ध विहार परिवार

धर्मशीला मार्ग नदीपुर, पोखरा-३

नेपाल र नेपालीलाई विश्वमा चिनाउने शाक्यमुनि बुद्धको २५५४ औं बुद्धजयन्तीको यस पावन अवसरमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र स्मृद्धिको हार्दिक मङ्गलमय कामना ।

**बौद्ध सदन गुम्बा परिवार**

फेदीखोला-२, स्याङ्जा

शाक्यमुनि भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको उपलक्ष्यमा देशमा हत्या, हिंसाको अन्तहोस् र नेपालीहरुले सुख शान्ति पूर्वक जीवनयापन गर्न पाओस्, मङ्गलमय शुभकामना ।

काजीमान गुरुङ,

*अंगरक्षक तथा*

**बौद्ध परियत्ति मौरी समूह परिवार**

फेदीखोला-२, स्याङ्जा

# हार्दिक शुभकामना



शान्तिका अग्रदूत भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् संपूर्ण नेपालीहरु सुख र शान्ति पूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस ।

**श्रीमती कर्म तमु**

अध्यक्ष

**तमु धिं, नेपाल**

# 'वसुधैव कुटुम्बकम'का
# बुद्धम् शरणम् गच्छामि

- तिलक प्रसाद पुन "पुर्जा"

मुडुलाएका कपाल । आडमाथि गेरु र हल्का गुलावी वस्त्र । न शोक न सुर्ता । न लोभ न लालच । खेल्ने उमेर हो उनीहरुका । छैन कतै चुलबुले स्वभाव । साँझ विहान विहारमा । दिउसो भने विद्यालयमा । संसार कोलाहलमय छ । शान्ति हराउदै गएको छ । टाढाने किन जानुपर्‍यो र ? देशभित्र कै करा गरौन । देशले दिगो शान्ति खोजेको छ । हिजोका रक्तपात नदोहरियोस् । राष्ट्रियताको सवालमा राजनेताहरु एक होउन । सत्तालिप्साको छिनाझप्टी हुनुभएन । सेवाभावले सबैपक्ष लागी पर्नुपर्‍यो । भगवान बुद्धले देखाएको बाटो अनुशरण गर्नुपर्‍यो । दुखको कारण तृष्णा (लोभ लालच) हो । लोभ कसैले नगर्ने हो भने सहमति भै हाल्छ नि । उखानै छ हामीकहाँ लोभले लाप, लापले विलाप । अतः अब संसारलाई सुन्दर तुल्याउनु छ । 'वसुधैव कुटुम्ब'को भावले संसार जित्नु छ । आफू पनि बाँच र अरुलाई पनि बाँच्नु देउ । कति सुन्दर हुन यी वाणी । अरुको नकारात्मक कुरा मात्र नकोट्याउनु, अरुलाई ठूलो कुरा होइन । आफूले आफैलाई जित्न सक्नु पो ठूलो कुरा हो । यिनै चिन्तनका साथ लागि परेका हुन् भिक्षुणीहरु अस्मिता महर्जन, सपनी प्रजापती र विनीता महर्जन ।

खोकनास्थित पितापुर गण्डकुटी विहार । गाउँ प्रवेश गर्ने वित्तिकै देखापर्छ यो विहार । जसको निमार्ण २०४२ सालतिर भएको हो । जहाँ ६ जना गुरुमाले नित्य बुद्ध धर्मसम्बन्धी प्रशिक्षण दिदै आइरहेका छन् । वुद्ध धर्मको प्रचार प्रसार गरि विश्वमा शान्ति कायम राख्नुनै उनीहरुका मूल उद्देश्य हो ।

अस्मिता महर्जन (१६) दुई वर्ष जति भयो यहाँ रहन थालेको । साँझ विहान विहारमै वुद्धधर्म सम्बन्धी अध्ययन गर्छिन । दिउँसो यो खोकनास्थित रुद्रायणी मा.वि.मा कक्षा ९ मा अध्ययन गर्छिन । उनी भन्छिन 'घरमा झगडा हुन्थ्यो , स्कूलमा साथीहरु कराउछन् त विहारमा चाहि शान्त हुन्छ । विहारमा वुद्धको विशाल मूर्ति छ । बुद्ध स्वयम् मूर्तिपूजाको विरोधी हुनुहुन्थ्यो । किन यसो गरेको भन्ने प्रश्नमा भन्छिन् , 'उहाको गुण सम्झेर ।'

सजनी प्रजापती (१४) ठिमीको चपाचो टोलबाट आएकी हुन । उनी आएको भर्खर एक वर्ष मात्र पूरा भयो । धर्म आर्जन गर्न सकिन्छ भन्ने मनशायले यता आएकी हुन् । वुद्ध धर्म सम्बन्धी प्रशस्त अध्ययन गरि गुरुमा वन्ने आफ्नो लक्ष्य रहेको बताउछिन । विहारमा आएर बुद्धपूजा गर्न सिकियो । खुशी व्यक्त गर्दै भनिन् 'आफ्नी माइली छोरी सपनीलाई विहारमै भेट्न आएकी हुन् लक्ष्मी प्रजापती (३५) । कुमाले पेशा छ चपाचोमा उनको । सजनाका साथीहरु विहारमा आएको देख्दा सजनीमा पनि यस्तो सोच पलाएको हो । सुजाता गुरुमाले नै उनलाई विहारमा ल्याउने कार्य गरेकि हुन् । छोरीले यसरी घर परिवार छोडेकोमा नरमाइलो लाग्दैन त भन्ने जिज्ञासामा बरु छोरी गुरुमा बनेको प्रति प्रशन्नता व्यक्त गरिन् ।

विनीता महर्जन (१६) को पिताको भने बलम्बुमा कृषि पेशा छ । उनले पनि घर छाडि विहारमा आएको दुई वर्ष नाघिसक्यो । उनलाई पनि गुरुमाले नै विहार ल्याएकी हुन् । विनीता कक्षा ८ मा अध्ययनरत छिन । उनीहरुलाई यसरी पढाउने कार्यमा गुरुमाहरुलाई पढाउने एक विदेशी संस्थाले सहयोग गरेको हो ।

अस्मिता, सपनी र विनीताको अन्तिम लक्ष्यनै गुरुमा बनि बुद्ध धर्मको प्रचार प्रसार गर्नु हो । यस सम्बन्धि धेरै ज्ञान आर्जन गरि शान्ति ल्याउनुनै आफ्ना उद्देश्य रहेको उनीहरु बताउछन् । उसो त बाह्र वर्षे जनयुद्धका पीडाहरु पनि उनीहरुले नदेखेका होइनन् । त्यस्तै कहिले संसार प्रलय हुन्छ भन्ने देखि लिएर काठमाडौंमा भूकम्प आउने हो-हल्ला पनि नसुनेका हैनन् । परन्तु, उनीहरु निस्फिक्री ढुक्क छन् । आखिर एकदिन सबैजनाले मर्नै पर्छ । डर कति पनि लाग्दैन हाँसी हाँसी उज्यालो मुहारको कान्ति छर्दै तीनै जनाले सुनाइन् ।

गुम्बा, विहारमा बसि पाठपूजा धूपबत्ती मात्र गरि भिक्षुणी बन्नु चाहि हैन । अरुलाई टर्च देखाउन शुरुमा आफै सँग उज्यालो चाहिन्छ । यो जीवनमा जति लोभ, दु:ख गरेपनि पाप बाहेक केही प्राप्ति हुदैन । बुद्ध धर्ममा तीन प्रकारका भिक्षुणी हुन्छन् । यिनीहरु चाहि थेरवादी परँपरा बमोजिमको बौद्ध भिक्षुणी हुन् । थेरवादी नेपाली बौद्ध समुदायमा धम्मवती गुरुमा सर्वाधिक आदर्शमय नाममा पर्छ । बुद्धले भिक्षु संघको स्थापना गरेपछि पनि लामो समयसम्म महिलालाई प्रवेश गरिएको थिएन । पछि आनन्दको चलाखीले भिक्षुणी परम्पराको शुरुवात भएको हो । भिक्षुणीले दिउसो खानु हुन्न, बेलुकी जुससम्म खानु हुन्छ ।

प्रारम्भिक कालमा बौद्ध मार्गीहरु रुखको फेद र गुफामा वसि बौद्ध शिक्षा लिने गर्थे । जसलाई आराम भनिन्थ्यो । तिनै आराम पछि विहारमा परिणत भए । हीनयानी र महायानी बौद्ध मार्गीहरुले बस्नु र पूजा गर्नु विहारमा निर्माण गरेझै तिब्बती लामा बौद्ध मार्गीहरुले दुबै प्रयोजनका लागि गुम्बाहरु निर्माण गर्दछन् ।

जितापुर गण्डकुटी विहारमा शुरुमा तीन महिना यहि बसेर ध्यान गर्न भनि आउछन् । त्यसपछि भने स्वेच्छाले यही बस्न पनि सक्छन र अन्यत्रको विहारमा जान पनि सक्छन् ।

धर्म भनेको कर्म काण्डमा मात्र सीमित हुनु हुदैन । यसो भयो भने कार्लमाक्र्सले भनेझै अफिमसरह हुनेछ । धर्मलाई प्रत्येक मानवले धारण गर्यो र व्यवहारमा उतारेको खण्डमा मात्र अब बन्ने नया नेपाल साचो अर्थमा सुन्दर र शान्त हुने निस्चित छ ।

भगवान बुद्धले कुनै कुराको जवाफ दिनु हुदैनथ्यो । कुनैमा मौन रहनु हुन्थ्यो त कुनैमा प्रश्न सोध्नेलाई नै अर्को प्रश्न सोध्ने गर्नुहुन्थ्यो । आज हरेक क्षेत्रमा आफूले भनेको, गरेको नै ठिक भन्ने प्रविति छ । बुद्ध जयन्तीको अवसरमा लुम्बिनी गएर एकै मन्चमा उभिएर शान्तिको मूलमन्त्र फलाक्ने नेताहरु राजधानी फर्केलगत्तै किन यति चाडै विर्सन्छन्, ती कुरा । टुडिखेलमा शान्तिको प्रतीक उडाउदै नखरा पार्नु त भएन नि । बुद्धको उपदेश अनुसार सबैभन्दा मुख्य कुरा निर्वाण हो । दुखबाट मुक्त हुनको लागि भगवान बुद्धले बाटो देखाउनु भएको छ । दुखको कारण नै लोभ लालच हो । अत: देश चलाउने जिम्माको साचो लिएका दलहरुले हामी सबैलेनै लोभ लालच प्रतिको मोह त्यागी बुद्ध सन्देशलाई अनुशरण गरौं ।




२५५४ औं बुद्ध जयन्तीको पावन अवसर
मा देशमा सुख र शान्ति छाओस्
सबै सुखी, समृद्धि र आरोग्य होउन्
यही शुभकामना छ ।

**सुखवती बौद्ध गुम्बा सुखवती घाट**

पोखरा १

# बुद्धधर्ममा चन्चु प्रवेश

– तारा "पाखे"

गर्दै स्वाँग दया र ध्यानिपनको के सोच्दछौ ! क्यै क्षण
आँखा खोल र हेर आर्त प्रति, हौ त्राता, बन्यौ निस्कृय
हुन्नन् निर्धृण कवै तिमीसरि अरु भन्दै अनज्ञानना
द्वारा लक्षित बुद्ध देव सबको रक्षागरुन् सर्वदा

– किंजल्क

बुद्धधर्मको विश्वव्यापक चीन, मङ्गोलिया, जापान आदि र वर्मा, थाइलैण्ड, श्रीलंका आदि दक्षिणपूर्वी देशहरुमा यसको विशेष व्यापकता शाक्य मुनि भगवान् गौतम बुद्धका अनुयायीहरु र खासगरी चक्रवर्ती सम्राट अशोकको विशेष प्रयत्न तथा योगदान बहु चर्चित छ। त्यसोत रोचक, रोमान्चक जातक कथाहरु त्यसभन्दा अघिका मानिन्छन र क्रमश: विरोचन, अक्षोव्य, रत्नसंभव, अमिताभ, अमोघसिद्धि र वज्रसत्व आदि बौद्ध महात्माहरु द्वारा शान्ति, अहिंसा आदिको प्रचार भएको मानिन्छ।

जातक कथा सम्बन्धमा खासै ज्ञान नभए तापनि असन र भोटाहिटी वीचका सत्तलमा कुनै पर्वमा कुनै राजकुमारले भोकले मर्न लागेकी सिंहिनीलाई शरीरै खान दिएर दान पारमिता प्राप्त गरेको सचित्र कथा आजभन्दा दशकौं अघि दर्शन गर्ने सु अवसर मिलेको थियो। भनिन्छ, यो जातक कथामा आधारित चित्रमय कथा हो र कथा निकै करुणाजनक र हृदयस्पर्शी थियो।

यी राजकुमार नेपालकै हुँदा विशेष स्नेहवस चित्रकारले तयार गरेका पो हुन् कि ? किनभने नेपालको उत्पत्ति भन्दा धेरै अघि नै बुद्ध धर्मको प्रादुर्भाव भैसकेको कुरा नेपालको इतिहासका पानापानामा स्वर्णाक्षरले उल्लेख भएका छन्। बौद्ध राष्ट्र हुनुपर्दछ भनी वेलामौकामा आवाज उठ्नुको आधार यही होला।

भूगर्भ शास्त्रीहरुको अध्ययन अनुसार, पृथ्वी प्रारम्भ हुँदा मध्य एशियाको गोवि मरु स्थलमा ठूलो समुन्द्र थियो र वर्तमान हिमालय सम्म फैलिएको थियो। जलप्रलयद्वारा हिमालय चुलिएको थियो। यस्तै प्राकृतिक उथल पुथलमा समुन्द्र विलायो र त्यसका अवशेषका रुपमा काठमाण्डौ, पोखरा जस्ता उपत्यकाहरुमा विशाल तलाउहरु रहेका थिए। नागदहबाट पानी निकास गरेपछि नेपाल बनेको हो। त्यस अघि हिमवत् खण्ड भनिन्थ्यो कि ?

नेपालको इतिहासमा प्रथम बुद्ध, विपश्वीबुद्ध कुनै वन्धुमति नगरबाट आएर नागदहको उत्तर पश्चिमको कुनामा रहेको पर्वतमा बसेर ध्यान गर्दा अलौकिक प्रेरणावस यसै नागदहमा चैत्र पूर्णिमामा कमलको वीउ रोपे, त्यसको ६ महिना पछि आश्वीन पूर्णीमामा अलौकिक ज्योर्तिमय कमलको फूल निस्क्यो। त्यसैको संझनामा अहिले पनि नागार्जुनमा उत्सव गरिन्छ। त्यस पछि विभिन्न बुद्धहरुको क्रमश: स्वयंभू, शिखि, विश्वम्भू बुद्धहरुको आगमन भएको छ। त्रेतायुगमा विश्वम्भू फुलोच्च नामक पर्वतमा बसेर एक लाख फूलहरु द्वारा ज्योतिको पूजा गरे। त्यसैले फूलोच्च बाट फूल चोकी भनिएको हो। त्रेतायुगमा मंजुश्री बोधिसत्वले नागदहको जल वरदा र मोक्षदा शक्तिको सहयोगमा बाहिर निकाले र वरदा र मोक्षदालाई फुलोच्च र ध्यानोच्च गिरिमा स्थापना गरे। यी बुद्ध कहाँबाट, कहिले, किन आए ? यी विद्वानहरुको बुद्धिविलासको वहस अनुसन्धानको विषय हुन सक्ला तर नेपालमा बुद्ध धर्मको प्राचीनताका विषयमा ता सायदै विवाद होला ! त्रेतायुग मै क्रकुछन्द बुद्धको पनि आगमन भएको छ।

मंजुपतनमा राजा धर्माकर र धर्मपाल मंजुश्री कै अुयायी मानिन्छन्। गौतम बुद्ध उपत्यकामा आउनु

भयो भएन ! विवादको विषय भए तापनि अशोकद्वारा निर्मित स्तूपहरु र छोरी चारूमतीका नामबाट बनेको चावेल समेत छदैछन्। यता काँक्रे विहारको यथार्थ पहिचान २१ सौं शताब्दीमा पनि हुन नसक्नुमा बुद्धधर्मको व्यापकता, अर्थात काठमाण्डू देखि अत्यन्त दुरदराजको क्षेत्रमा समेत फैलनु र तीती संरचना संबन्धमा पहिचान हुन नसनुले प्राचीनता समेत स्वत: सिद्ध छ।

"पुराणमित्तेव नसाधु सर्वम्" पुरानै भएकामा भन्दा पनि यसको जनजीवनमा उपादेयता र प्राप्त हुने उपलब्धीको विशेष महत्व हुनु निर्विवाद छ। एकै भेट्मा अङ्गुलिमालजस्ता नृसंस हत्याराको हृदय परिवर्तन भएर महात्मा बन्नु, कलिङ्गको युद्धमा लाखौंको नरसंहार पछि हत्याको अपराधबोधले मर्माहत, विचलित, विक्षिप्त सम्राट अशोकको चहराएको मुटुको वेदना शान्त गर्न त सामान्य भिक्षु नै एक मात्र आधार बन्नु अझ यसको महानताको द्योतक हो।

बौद्धधर्मको व्यापकतामा अशोक, विंविसार र प्रसेनजीतको विशेष महत्व, योगदान रहेको छ। यसै क्रममा महाराज कनिष्क पनि देखा पर्नुहुन्छ। तापनि राज्याश्रयको आड आधार मात्रले यसमा व्यापकता आएको होइन कि बुद्धधर्ममा रहेका आन्तरिक विशेषताहरु नै झन्झन् व्यवपक हुँदै जानुमा मुख्य कारण रहेका छन्।

काँक्तेविहारको प्राचीनताले २२ से २४ सेराजाहरुको पाला आइ पुग्दा समेत यस प्रति राज्याश्राय कायम रहेको प्रमाणित गर्दछ। यता लिच्छवीकालमा सर्वधर्म समभावको उच्च उदात भावना शासकहरुमा देखिन्छ। यसैले काठमाण्डू वा तीनै सहर भक्तपुरमा अनेकौं विहार र ललितपुरमा हिरण्यवर्ण महाविहार जस्ता अनेकौं विहारहरुको संरचना संभव भएको हो। यो क्रम मल्लकालमा पनि जारी रह्यो। यहासम्म कि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारी बहादुर शाहको मुख्तियारी सम्म पनि धर्मको नाममा त्यति उत्पीडन गरेको पाइदैन। खासगरी राणा कालको आखिरी तिर भारतीय स्वतन्त्रता आन्दोलनद्वारा त्रसित, भयभीत राणाहरुद्वारा स्वतन्त्रता र समानताका पक्षधरहरु मारिए, लखेटिएर जेलमा सडाइए। त्यसैक्रममा धेरै बौद्धहरु पनि परे।

दुष्ट शासकको थिचो मिचो सहन नसक्ने मध्यमार्गी नै भए पनि उदारतावादी, सत्यान्वेषी बौद्धहरुले एकआध अपवादलाई छाडेर अति प्राचीनकालदेखि नै विरोध र विद्रोह गरेका छन्। जसको उदाहरण सुङ्गकालमा कुशिमित्रको तख्ता पल्टाउन गरेको विद्रोहलाई लिन सकिन्छ। बौद्ध भिक्षुको टाउकोकाट्नेलाई त्यतिबेलैको १०० रुपिया इनाम दिएर आमरुपमा कत्ले आम गरिदा पनि भिक्षुहरु अडिग रहेको इतिहास साक्षी छ।

राणाहरुको दमनबाट मन कुडिएका बौद्धहरुको मन जित्न छट्टू राजा महेन्द्रले लामा देशदर्शनको चलन चलाई बुद्धिष्टहरुको मनजित्ने, पंचायतलाई समर्थन लिने जुन् प्रयत्न गरे, तर त्यसबाट कति फइदा भयो ? यसै भन्न सकिदैन।

हाम्रै अनदू डाँडाको मिनथुंकीमा पंचायतको आखिरीतिर जापानी भिक्षुको अग्रसरतामा तयार भैसक्नलागेको स्तूप विध्वंस गर्दाका झूठा, हास्यास्पद, कपोलकल्पित अफवाहको बौद्धिक दरिद्रता देख्दा तानाशाहहरु कतिसम्म गिरेर सत्ता थाम्न निर्लज्ज बन्नसक्तछन्, भन्ने उदाहरण भएको छ।

लुम्बिनी विकास ठूलो रकम खर्च हुदा पनि खासै अगाडि बढ्न सकेको छैन। झन् बौद्ध विश्वविद्यालय त बनिसकेका संरचनाहरु समेत भत्के बिग्रेर अलपत्र परेको छ। आदरणीय पाठकबन्द ? यति गनथन्मन्थन जानीनजानी गरिसकेपछि यसका आदर्श र मैले बुझेको बुद्ध दर्शन संबन्धमा पनि केही चर्चा गर्ने धृष्टता गरेकोमा क्षमा चाहन्छु

सुत्तपिटक अभिधम्म पिटक र विनय पिटक हरुनै बौद्ध धर्मका आधार ग्रन्थ छन्। बौद्ध दर्शनले वेदलाई प्रमाण नमान्ने हुनाले नास्तिक दर्शन भनिन्छ। यसदर्शनले आत्मालाई नित्य र अविनास मान्दैन र निर्वाणमै चरमलक्ष्य मान्दछ।

बौद्ध दर्शनका चार आर्य सत्यहरु छन्। १. संसार दु:खमय छ। यो प्राय: सबैले अनुभव गरेकै विषय हो। भौतिक संपन्नताले परिपूर्ण राजकुमार रोगी, बुढो र मृतक देखेर विचलित बनेर रोग, जन्म, जरा, मृत्युको निवारणको खोजीमा महानिष्क्रमण तिर

लाग्नु परेको थियो । २. दुःखको कारण पनि छ । किनभने कारण न भै कुनै पनि कार्य त हुनै सक्तैन नि ? ३. दुःखको नास सम्भव छ । समस्त दुःखको कारण जन्म र जरा , व्याधी हुन भने त्यस चक्रबाटै मुक्त भएपछि दुःख त स्वतः हराइ हाल्दछ र दुःख नासका उपायहरु छन् ।

बौद्धमार्गमा अष्टाङ्ग मार्गहरु – सम्यक दृष्टि, सङ्कल्प, वाक्, कर्मान्त आजीविका, व्यायाम, स्मृति समाधिहरु हुन । "अप्प दीपो भवः" सुप्रसिद्ध सुक्तिले आफू भित्रका कमिकम्जोरीहरुको पहिचान गरी तिनीहरुलाई हटाएर आत्म ज्योति वाल भन्ने प्रेरणा शिक्षा दिएको छ । यसैलाई आत्मज्ञान भनिएको होला तर निर्वाण भनेको "कर्मक्षयात् केवल मेतिशान्तिम् ।" कर्मक्षय भए पछि त्यही ज्योति पनि शान्त हुन्छ जसरी वत्तिनिभेपछि त्यो ज्योति कतै नगै शान्त हुन्छ आत्मा पनि शान्त हुन्छ । जन्म, जरा, व्याधी , मृत्यु देखि सदासदाका लागि मुक्त हुन्छ । यसैलाई निर्वाण भनिन्छ ।

पूर्व भारतीय राष्ट्रपति महासहिम डा. सर्वपल्लि राधा कृष्णन्ले भगवान् गौतम बुद्ध र बौद्ध धर्म प्रति संसारका वरिष्ठ व्यक्तित्वहरुका श्रद्धास्पद सदुक्तिहरु यसरी व्यक्त गर्नुभएको छ ।

अनातोले फ्रान्सले आफ्नो आत्म कथामा लेख्नु भएको छ । मइ पहिलो दिन १८९० मा मलाई भाग्यले पेरिस स्थित मुसि गिमेतको यात्रा गर्न बाध्य बनायो । त्यहा मेरा आँखा प्रशान्त र सहज मुद्रामा रहेका एशियाई देवीदेवताहरुका बीचमा खडाभएको बुद्धको मूर्तिमा टिके । ती बुद्ध जसले मानव दुःखहरु हटाउन प्रज्ञा र करुणाको प्रेरणा दिएका थिए । यदि पृथ्वीमा ईश्वर छन् भने मैले यहा ईश्वरको अनुभव गरे । मेरो इच्छा भयो कि म इनका लागि अगाडि घुंडाटेकेर बसेर इनलाई ईश्वर मानेर प्रार्थना गरौ । अनातोले फ्रान्स नास्तिक थिए ।

संसारमा चलेका धर्महरु मध्ये मेरो झुकाव सबभन्दा बढी बुद्धधर्मप्रति छ बट्रान रसेल ।

जनरल सर आइन हैमिल्टनले बिन्सटन चर्चिललाई उत्तराधिकारमा बुद्धको एक प्रतिमा छोडेर जानुभयो र भन्नुभयो- "यदि कुनै समयमा तिम्रो दिमाग परेशान भयो भने वा कुनै उल्झनमा पर्‍यौ भने यस प्रतिमामा हेर्नु, तिमीलाई शान्ति मिल्ने छ ।

◊◊◊


## हार्दिक शुभकामना

२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा देशमा सुख र शान्ति छाओस् सबै सुखी, समृद्धि र आरोग्य होउन् यही शुभकामना छ ।

**दिनेश शंकर पालिखे**
अध्यक्ष
**नेपाल अर्बुद रोग निवारण संस्था**
कास्की शाखा

## हार्दिक शुभकामना

नेपाल र नेपालीलाई विश्वमा चिनाउने शाक्यमुनि बुद्धको २५५४ औं बुद्धजयन्तीको यस पावन अवसरमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र स्मृद्धिको हार्दिक मङ्गलमय कामना ।

**राधेश्याम उदास**
नदीपुर, पोखरा–३

# बुद्धको उपदेश वैशाली राज्यमा

- लामा हर्क जङ्ग घले
बौद्ध अर्घौं सदन, रामघाट, पोखरा १०

बौद्ध धर्मका विभिन्न लेखकहरु द्वारा पौराणिक इतिहास र दर्शनको विषयमा विभिन्न भाषा लिपिहरु अनुवाद गरि नेपाली भाषामा लेखिएका कृतिहरु धेरै छन् । यो विषयमा गर्व लाग्छकि बौद्ध धर्मका साहित्य प्रकाशन क्षेत्रमा अग्रणीय भूमिका छ। साहित्यको भण्डार संमृद्ध छ। यहाँ भन्नु पर्दा बुद्धकालीन एक घटनाको जानकारी गराउन चाहान्छु। एक समय भगवान बुद्ध राजगृहको गृद्धकुट पर्वतमा विहार गरिरहनु भएको थियो । वैदेही पुत्र राजा अजात शत्रुका महामात्य वर्षकार (ब्राम्हण) आएर भगवानलाई श्रद्धा पूर्वक प्रणाम गरेर भन्नुभयो ।

भन्ते ! वैदेही पुत्र मगध नरेश वैशाली माथि आक्रमण गर्न चाहन्छन । वहाँको इच्छा वैशाली राज्यको चिन्ह मात्र पनि बाकी नरहोस् भन्नेछ। वहाले मलाई तपाई सामु पठाई भगवानसँग मेरो प्रणााम भन्नु अनि यो सम्वन्धमा वहाको कस्तो विचार छ सोधेर आउनु भन्नुभएको छ। भन्ते ! यस सम्वन्धमा तपाईको कस्तो विचार छ ? भिक्षु आनन्द भगवान बुद्धलाई पंखा लगाई रहनुभएको थियो । भगवानले आनन्दलाई हेर्नुभयो, आनन्द ! वैशालीहरुमा केहि यस्ता कुराहरु छन् कि जवसम्म उनीहरु त्यही नियम अनुसार आचरण गरिरहन्छन, उनीहरुलाई कसैले बिगार्न सक्दैन ।

भन्ते ! कस्तो कुरा होलान् ? आनन्द !बैशालीका जनताहरु नियमपूर्वक आफ्नो सभा गर्दछन् । सभामा समयमा नै उपस्थित हुन्छन् । आफूले वनाएको नियमलाई उलङ्घन गर्दैनन् । आदरणीय व्यक्तिहरुको आदर गर्दछन् । पराई स्त्रीलाई जर्वजस्ती आफ्नो स्त्री बनाउदैनन् । आफ्नो नगरको पूज्य स्थानको ख्याल राख्दछन् । आफ्नो राज्यमा आउने धर्म उपदेशकलाई यथोचित सत्कार गर्दछन् । जसको कारण वैशाली राज्य सुदृढ र संगठित छ। आनन्द ! जबसम्म वैशालीका राजा र जनतामा यी ७ गुण हुन्छन् तबसम्म कसैले केहि विगार्न सक्दैनन् । वर्षकार भगवानको कुरा ध्यानसँग सुनिरहेको थियो । भगवानले भन्नुभयो :- ब्राह्मण, वैशालीको सबै कुरालाई विचार गरि जनताहरुलाई यो भनेको थिए । त्यहि समयदेखि यी कुराहरुको अनुसार आचरण गरिरहे कुनै शत्रुले हानी पुऱ्याउन सकेको छैन भन्नु भएपछि वर्षकार ब्राह्मण बिदा हुनुभयो ।

भगवान बुद्धले भिक्षु आनन्दलाई सबै भिक्षुहरु एकताबद्ध हुनको लागि आज्ञा गर्नुभयो र सबै भिक्षुहरुलाई यहि देशना गर्नुभएको थियो ।

२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा देशमा सुख र शान्ति छाओस् सवै सुखी, समृद्धि र आरोग्य होउन् यही शुभकामना छ ।

सुवर्ण बज्राचार्य
सभापति तथा
**सदधर्म सभा धर्म संघ बुद्ध विहार परिवार, पोखरा**

शान्तिका अग्रदूत भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् सम्पूर्ण नेपालीहरु सुख र शान्ति पूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस् ।

सोभित बुद्धाचार्य
**पञ्चरत्न आभूषण**
मोहरिया टोल, पोखरा, फोन न. ५२७२४३

## हार्दिक शुभकामना

शान्तिका अग्रदूत भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् संपूर्ण नेपालीहरु सुख र शान्ति पूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस् ।

**धर्मोदय सभा**
**कास्की परिवार**
पोखरा

## हार्दिक शुभकामना

शाक्यमुनि भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको उपलक्ष्यमा देशमा हत्या, हिंसाको अन्त होस् र नेपालीहरुले सुख शान्तिपूर्वक जीवनयापन गर्न पाओस्, मङ्गलमय शुभकामना ।

**युवा बौद्ध संघ परिवार**
**धर्मशीला बुद्ध विहार**
पोखरा

## हार्दिक शुभकामना

नेपाल र नेपालीलाई विश्वमा चिनाउने शाक्यमुनि बुद्धको २५५४ औं बुद्धजयन्तीको यस पावन अवसरमा सम्पूर्ण नेपालीहरुको सुख, शान्ति र स्मृद्धिको हार्दिक मङ्गलमय कामना !

**मनोकामना**
**आयल स्टोर्स**
बुद्धचोक, पोखरा
फोन: ०६१-५२०४३३

## हार्दिक शुभकामना

नेपालका राष्ट्रिय विभूति भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् सम्पूर्ण नेपालीहरु सुख र शान्तिपूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस् ।

**ज्ञानमाला संघ परिवार**
**धर्मशीला बुद्ध विहार**
पोखरा

का.जि.द.नं. २१/६६/६७ प.क्षे.हु.द.नं. १-०६६/६७

# हार्दिक शुभकामना



शान्तिका अग्रदूत भगवान बुद्धको २५५४ औं बुद्ध जयन्तीको अवसरमा देशमा सुख, शान्ति र अमनचयन कायम होस् सम्पूर्ण नेपालीहरू सुख र शान्तिपूर्वक आ-आफ्नो काममा लाग्न सकोस् र छिटो नेपाल र नेपालीको विकास र उन्नति होस् ।

टंकमान/करुणा बुद्धाचार्य
समरमान/अनिता बुद्धाचार्य
आकाश/राधा बज्राचार्य
ईश्वमान/पूर्णलक्ष्मी बुद्धाचार्य
दीर्घमान/रचना बुद्धाचार्य
पुष्पमान/यशोधरा बुद्धाचार्य
बिकलमान/रुपा बुद्धाचार्य
प्रितममान/यमुना बुद्धाचार्य

तीर्थमान बुद्धाचार्य

एवम्

## दी युनाइटेड गोल्ड मार्ट प्रा.लि. परिवार

हाल संञ्चालनमा रहेका दुकानहरु:

मोहरिया टोल-कञ्चन आभूषण फोन : ५२२४२८, मोहरिया टोल-शेरमान एण्ड सन्स हाउस : ५२०३९५ चिप्लेढुंगा-पहिला कञ्चन आभूषण रहेको पसल फोन : ५२२५४८, पाल्पा मखनटोल दि-युनाइटेड गोल्ड मार्ट फोन : ०७५-५२०२३५, सभागृहचोक-पोखरा फोन: ५२४८२०